हुलाक द. नं. १५/०७८/७९

# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ७, अङ्क २७, पूर्णाङ्क २९७ | २०७८ माघ १२ गते बुधबार | Wednesday, 26 Jan 2022 | www.eratokhabar.com | मूल्य रु. १०

## जनसेवामा नेकपा, खोलामा ह्युमपाइप राखी सडक सञ्चालन

उदयपुर

नेकपा उदयपुरले कटारी नगरपालिकाको वडा न. ६ र ७ जोड्ने वैधनाथ खोलामा ह्युम पाइप लगाएर करिब १०० मिटरबराबरको आवतजावत गर्ने बाटो बनाएको छ।

बर्सौंदेखि खोलाका कारण आवतजावतमा सास्ती खेपिरहेका ६ र ७ नं. वडाबासी बाटो बनेपछि खुसी भएका छन्। दिनहुँजसो हजारौं मानिस आवतजावत गर्ने खोलाको बाटोमा कसैको ध्यान नपुगिरहेको अवस्थामा नेकपा उदयपुरले बाटो बनाएका कारण हिँडन सजिलो भएपछि स्थानीय बासिन्दा खुसी भएका छन्।

स्थानीय बासिन्दाको भनाइ उद्धरण गर्दै हाम्रा संवाददाता

... बाँकी पृष्ठ ७ मा

# नेपाल भ्रष्टाचार व्याप्त मुलुक रहेको निष्कर्ष

## कोरोना खोपदेखि सिरिन्जसम्म भ्रष्टाचार

■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल सर्वाधिक भ्रष्टाचार व्याप्त मुलुकहरूको सूचीमा पुनः सूचीकृत भएको छ । मुलुक कोरोना सङ्क्रमणले सङ्कटग्रस्त बनिरहेको समयमा कमिसनको खेलका कारण कोरोना खोप लगाउने सिरिन्जदेखि सिटामोलसम्म अभाव भएको, कोरोनाविरुद्ध अन्तर्राष्ट्रिय निकायहरूले सहयोगमा उपलब्ध गराएको २४ लाख खोप गायब भएको समयमा भ्रष्टाचारविरुद्ध वकालत गर्ने अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) ले नेपाल सर्वाधिक भ्रष्टाचार हुने मुलुकमा पुनः दर्ता भएको सार्वजनिक गरेको हो । यसले नेपाललाई अन्तर ष्ट्रिय रूपमै पुनः बदनाम गराएको छ।

नेपालमा भ्रष्टाचार मापन गर्ने कुनै पनि आधिकारिक निकाय छैन । नेकपाले बेलाबेलामा राष्ट्रिय स्तरका भ्रष्टाचारीहरूलाई कारबाही गर्ने गरेको छ। भ्रष्टाचार न्यूनीकरण गर्ने र भ्रष्टाचारीलाई कारबाही गर्न सिफारिस गर्ने अख्तियारी पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफैं विवादित छ भने कथमकदाचित भ्रष्टहरू समातिहाले पनि 'साना माछा' मात्र पर्ने र 'ठूला माछा' उम्काउने गरेको

सीपीआई २०२१ मा नेपालको स्कोरका लागि प्रयोग भएका पूरक तथ्याङ्क र सम्बद्ध संस्था

| वर्ष | विश्व बैङ्क | वर्ल्ड इकोनोमिक फोरम | ग्लोबल इनसाइट | बर्टेल्सम्यान फाउन्डेसन | वर्ल्ड जस्टिस प्रोजेक्ट | भीडीईएम | सीपीआई स्कोर |
|---|---|---|---|---|---|---|---|
| २०२१ | ३५ | ३४ | ३५ | ३३ | ३२ | ३० | ३३ |
| २०२० | ३५ | ४० | ३५ | २९ | ३२ | २९ | ३३ |
| २०१९ | ३५ | ४० | ३५ | २९ | ३५ | २९ | ३४ |
| २०१८ | ३५ | ३३ | ३५ | २५ | ३२ | २५ | ३१ |
| २०१७ | ३५ | ३४ | ३५ | २५ | ३२ | २५ | ३१ |
| २०१६ | ३५ | २६ | ३४ | २४ | ३१ | २१ | २९ |
| २०१५ | ३५ | ३३ | २२ | २३ | २४ | - | २७ |
| २०१४ | ३५ | ३१ | २२ | २८ | ३१ | - | २९ |
| २०१३ | ३५ | २८ | ३२ | २८ | ३२ | - | ३१ |
| २०१२ | ३५ | २७ | २२ | २३ | ३१ | - | |

आरोप लाग्ने गरेको छ । अख्तियारका आयुक्तहरू नै भ्रष्टाचारमा मुछिएपछि मुलुकमा आधिकारिक रूपमा भ्रष्टाचार र सुशासन हेर्ने कुनै आधिकारिक र विश्वसनीय निकाय छैन । मुलुकमा विभिन्न क्षेत्रमा नेकपासँग सम्बन्धित विभिन्न जनवर्गीय सङ्गठनहरूले भ्रष्टाचार गर्नेहरूलाई जनकारबाही गरेकै हेरेर खुसी हुनुपर्ने अवस्था छ।

भ्रष्टाचारविरुद्ध वकालत गर्ने अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) ले मङ्गलबार जर्मनीमा सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्क (सीपीआई) अनुसार नेपाल गतवर्षभैँ ३३ अङ्क पाएर ११७ औं स्थानमा रहेको छ। नेपालले यो वर्ष पनि १०० मा ३३ अङ्क मात्र पाएको छ। गत वर्ष पनि नेपालको स्कोर त्यति नै थियो। १८० वटा मुलुकको बरियता क्रममा नेपाल ११७ औं स्थानमा रहेको छ। नेपालको गत वर्षको अवस्था पनि यस्तै थियो। ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले भनेको छ, 'अघिल्लो र यस वर्ष नेपालको स्कोर स्थिर रहनुमा भ्रष्टाचार नियन्त्रणमा केही प्रगति हुन नसकेको रूपमा लिन सकिन्छ।'

टीआईले यो सूची सन् १९९५ देखि प्रत्येक वर्ष सार्वजनिक गर्दै आएको छ भने

... बाँकी पृष्ठ ७ मा







## भ्रष्टाचारी वडाध्यक्ष र सचिवमाथि जनकारबाही

प्रकाश थापा।

अखिल (क्रान्तिकारी) बझाङले जिल्लाको चिरबिथडी गाउँपालिका वडा नं.८ का वडाध्यक्ष जयबहादुर मल्ल र वडा सचिव दत्तराम अवस्थीमाथि जनकारबाहीस्वरूप कालोमोसो र जुत्ताको माला लगाइएको समाचार प्राप्त भएको छ।

जिल्ला इन्चार्ज शङ्कर खाती र अध्यक्ष कमल थापाले संयुक्त रूपमा जारी गरेको प्रेस विज्ञप्तिमा घटना पुष्टि गर्दै भनिएको छ, 'आमविद्यार्थीको प्रिय सङ्गठन अखिल (क्रान्तिकारी) विगत लामो समयदेखि शैक्षिक, सामाजिक, जनताका सरोकारका विषयमा सडक

... बाँकी पृष्ठ ७ मा

## अवैध उत्खनन गर्ने ट्याक्टर नेकपाको नियन्त्रणमा

अर्घाखाँची।

नेपाल कम्युनिस्ट पार्टी अर्घाखाँचीले तीव्र रूपमा भइरहेको खोलानालाको अवैध उत्खनन रोक्ने उद्देश्यले निरन्तर अनुगमन जारी राखेको छ। अनुगमनका क्रममा सनपा १ रुद्धीबाट ३ वटा ट्याक्टर नियन्त्रणमा लिइएको जानकारी नेकपाका जिल्ला सदस्य नवीन खड्काले दिएका छन्। माटेबाट अवैध रूपमा ढुङ्गा ओसार्ने काममा प्रयोग गरिएका ट्याक्टर नियन्त्रणमा लिइएको नेता खड्काले बताए।

जिल्लामा ढुङ्गा,

... बाँकी पृष्ठ ७ मा

## दलाल पुँजीवादी समस्याको निर्विकल्प समाधान वैज्ञानिक समाजवाद : सुदर्शन

■ रातोखबर संवाददाता/दाङ

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिका सचिवालय सदस्य सुदर्शनले दलाल संसदीय व्यवस्था नै सबैखाले सङ्कटको मूल कारण भएको बताएका छन्। उनले यो व्यवस्थाको समूल नष्ट गर्न आफ्नो पार्टी एकीकृत जनक्रान्तिको कार्यदिशा लिएर जनतामा गइरहेको पनि बताएका छन्। नेकपा (माओवादी केन्द्र) लुम्बिनी प्रदेश कमिटीका सदस्य कुबेर वलीसँगको भेटघाटका क्रममा नेकपा नेता सुदर्शनले नेपालमा देखिएका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत तमाम समस्याको निर्विकल्प समाधान वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना भएको पनि बताए।

नेकपा नेता सुदर्शन र

... बाँकी पृष्ठ ७ मा




## सरकारी न्याय महँगो र अपत्यारिलो, नेकपा गुहार्दै पीडितहरू

■ हेमन्तप्रकाश वली/दाङ

राजा राम शाहले इतिहासमा 'न्याय नपाए गोर्खा जानू' भनेभैँ पछिल्लो समय दाङमा पीडितहरू 'न्याय नपाए नेपाल कम्युनिस्ट पार्टीमा जानू' भन्न थालेका छन्।

तुलसीपुरमा बस्ने एकजना पुरुष एक लाख पचास हजारमा ठगिए। विदेश पठाइदिन्छु भनेर एकजना पुरुषले पीडितसँग एक लाख पचास हजार रुपैयाँ लिएर भागेका रहेछन्। पीडितले नेपाल कम्युनिस्ट पार्टीमा मुद्दा दायर गरेनन् बरु मुद्दा दिन्छु भन्ने अभिव्यक्ति दिनेबित्तिक्कै पीडकले पीडितलाई एक लाख पचास हजार रुपैयाँ फिर्ता गरेको पीडितले बताए।

यो एक प्रतिनिधिमूलक घटना मात्रै हो। नेपाल कम्युनिस्ट पार्टी दाङले जिल्लामा पुरानो सत्ताबाट न्याय नपाएका, न्यायिक समितिदेखि प्रहरी कार्यालयसम्मले मिलाउन नसकेका सयौं मुद्दामा पीडितलाई न्याय दिलाएको पीडित आफैं बताउँछन्।

तुलसीपुर निवासी अर्का एकजना कसैको लहैलहैमा लागेर आफ्नो सबै जग्गा ठगका नाममा पास गरिदिए। कानुनसम्मत पीडितले सबै सम्पत्ति ठगलाई सुम्पिए। त्यसपछि पीडितले नेपाल कम्युनिस्ट पार्टीमा निवेदन दिए। पीडितको निवेदन बुझेपछि नेकपा दाङले मुद्दाको प्रक्रिया अघि बढायो र केही समयपछि सोँचिक्कै पीडित ठगिएको प्रमाणित भएपछि पीडितका नाममा पुनः जग्गा पास गराइदियो।

आफ्नो गुमेको सबै चीज प्राप्त भएपछि ती पीडितले न्याय प्राप्तिको लामो सास फेरे। उनी भन्छन्, 'न्याय खोज्न थुप्रै ठाउँ भौंतारिएँ। न्याय त विप्लव पार्टीले दिलाउने रहेछ।' पार्टीको नामसमेत स्पष्ट भन्न नसक्ने ती व्यक्तिले

... बाँकी पृष्ठ ७ मा

## सङ्खुवासभा र धनकुटाका किसान क्रान्तिकारी आन्दोलनमा

■ रातोखबर संवाददाता/काठमाडौं

सङ्खुवासभा र धनकुटाका किसान क्रान्तिकारी किसान आन्दोलनमा लामबद्ध बनेका छन्।

यसैक्रममा सङ्खुवासभाको मादी नगरपालिकामा १५ सदस्यीय अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारी निर्माण गरिएको जानकारी प्राप्त भएको छ।

जिल्ला पार्टी सचिव युवराज राई, जिल्ला पार्टी सदस्य हरि चापागाईं, अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारी केन्द्रीय सचिवालय सदस्य प्रकाशचन्द्र ढकाल 'प्रतिरोध', केन्द्रीय सदस्य पासाङ तामाङको उपस्थितिमा गठित समितिको अध्यक्षमा कुसुम लोप्चन तामाङ, सचिवमा सनमान लोप्चन तामाङ, कोषाध्यक्षमा प्रेमबहादुर मोक्तान रहेका छन् भने सदस्यहरुमा सूर्य तामाङ, प्रेम गोले, मानबहादुर गोले, दलबहादुर गोले, कृतिमान गोले, सङ्गीता मोक्तान, सलमान मोक्तान, बुद्धिमान गोले, लालबहादुर गोले, चन्द्रा मोक्तान र इन्सान राई रहेको बताइएको छ।

यसैगरी धनकुटामा पनि अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारीको जिल्ला भेला आयोजक समिति गठन गरिएको छ।

टेकबहादुर माझीको संयोजकत्वमा सोभित माझी, राजन भण्डारी, प्रकाश मगर, लगनकुमारी माझी, एकान्त कार्की, दिपेन राई, विनोद मगराती, रामकुमार राई सदस्य रहेको भेला आयोजक समिति गठन गरिएको हो।

अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारी केन्द्रीय सचिवालय सदस्य प्रकाशचन्द्र ढकाल 'प्रतिरोध', धनकुटा जिल्ला पार्टी सचिवालय सदस्य ध्रुव थापा र रणकुमार राईको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको समचारमा जनाइएको छ।

## दल बदलको कुचक्रमा नेपाली राजनीति

देश/परिवेश

■ असल क्षेत्री



दक्षिणएसियाको सबैभन्दा ठूलो लोकतन्त्रवादी मानिने भारतमा धेरै मान्छे एउटा दलबाट अर्को दलमा प्रवेश गरेका वा पार्टी छोडेका यस्ता समाचारहरू हामी सानोसानो हुँदा खुब सुन्ने समाचारहरू बन्ने गर्दथे। सायद अन्य देशमा पनि त्यस्तो थियो होला, हाम्रो पहुँच नभएकाले समाचार नै सुन्न र देख्न पाइएन। भारत हाम्रो छिमेकी मुलुक भएकाले पनि हामीकहाँ त्यसको हावाले छिटै छुने गर्दछ। भारतको पनि बिहार क्षेत्रमा राजनीतिक दलबदल व्यापक भएको देखिन्छ। त्यो समयमा नेपालमा एकदलीय पञ्चायती व्यवस्था चलिरहेको थियो। नेपालमा दलीय व्यवस्था थिएन। २०४६ सालको जनआन्दोलनले नेपालमा दलीय व्यवस्थाको प्रणाली स्थापना गऱ्यो। त्यस समयमा मान्छेहरू खास दलबदल गर्न रुचाउँदैनथे। जुन पार्टीमा लागे पनि प्रतिबद्ध भएर काम गर्ने परम्परा थियो। पूरै गाउँ कुनै पार्टीको पकडमा रहन्थ्यो र अर्को कुनै राजनीतिक पार्टीप्रति असहिष्णु खालको व्यवहारसमेत गर्दथ्यो। आफू लागेको पार्टी र नेताको पूर्वाग्रही आलोचना भएमा, विरोध गरेमा लडाइँसमेत भएका उदाहरणहरू प्रसस्तै छन्। गाउँगाउँ, पार्टीपार्टी र व्यक्तिव्यक्तिबीचमा ठूलठूला लडाइँहरू भएका घटना अझै ताजै छन्। त्यो समयमा त्यसलाई स्थानीय वर्गसङ्घर्षका रूपमा चित्रण गर्ने गरिएको छ।

जब जनयुद्धको सुरुआत भयो सबैलाई केन्द्रीकरण गऱ्यो। गाउँगाउँमा हुने लडाइँहरू राज्यसत्ताका विरुद्ध केन्द्रित भए। महान् जनयुद्धले सबै कुरा नेतृत्वमा केन्द्रीकरण गऱ्यो। गाउँसमाजमा कार्यकर्ता र जनताको चेतनाको स्तर माथि उठायो। दस वर्षसम्म चलेको जनयुद्धमा मान्छेहरूलाई दलबदलको त्यति ठूलो आवश्यकता परेन। पार्टी, क्रान्ति र नेतृत्वप्रति बफादार रहेको शक्ति नै जनयुद्धको विजयको आधार बन्यो। नेतृत्वप्रति पूर्ण विश्वस्त, क्रान्ति र परिवर्तनप्रति विकसित चेतनाअनुसारको बफादार र अग्रगामी सोचाइ भएको नेता वा कार्यकर्ताले मात्र क्रान्ति वा परि वर्तनको नेतृत्व गर्न सम्भव थियो। त्यो सबै कुरा जनयुद्धले विकास गरिसकेको थियो वा जनयुद्धमा लागेको चेतना त्यस्तो थियो।

चीनजस्तो कम्युनिस्ट समाजवादी राज्यव्यवस्था

... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# पहरोमा टाउको नठोकाऊ

मुलुकका आगामी दिनहरू कस्ता होलान् ? संसद्वादी र विद्रोही पार्टीले मुलुकलाई कता डोहोऱ्याउलान् ? अबको समय शान्तिपूर्ण होला कि अझै सकसपूर्ण होला ? जनताका घरघरमा यस्तै प्रश्नमा छलफल र बहस सुरु भएको छ। संसद्वादी पार्टीका तलदेखि माथिसम्मका नेताहरू फेरि चुनावमा जाने, यसबीचमा वैधअवैध काम गरी थुपारेको रकम ठाउँकुठाउँमा खर्च गर्ने, जनमत प्रभावित पार्ने र फेरि यही सडेगलेको सत्तामा पुगेर ब्रह्मलूट गर्ने सपना देखिरहेका छन् भने जनताको सपना दलाल संसद्वादी पार्टीहरूको असुरक्षा, राष्ट्रघात, महँगी, भ्रष्टाचार, कमिसन र दलालीले धूमिल पारिदिएको छ। यत्रो त्याग, शौर्य र बलिदान गर्दा पनि जनताका सुखका दिन आएनन्। साम्राज्यवादी अतिक्रमण र हस्तक्षेपका कारण देशको सार्वभौमसत्ता पनि सुरक्षित हुन सकेन। त्यसैले नेकपाले विद्रोहको नेतृत्व गरेको छ। जनताको भावनाको नेतृत्व गरेको छ।

संसद्वादी दलहरूबीच चुनाव र त्यसको जोडघटाउ सुरु भइरहँदा जनताको घरमा चुलो नबल्ने अवस्था उत्पन्न भएको छ। सत्ताधारी दलहरूबीच सत्ता गठबन्धनका घिनलाग्दा खेलहरू भइरहँदा कमाउन गएका जनताका छोराछोरीको विदेशमै प्राणपखेरु उडेका दुःखद् खबरहरू प्रसारित भइरहेका छन्। सत्ताको भागबन्डामा एकातिर रडाको भइरहँदा अर्कातिर मुलुकको राष्ट्रिय अस्मितामाथि परेड खेल्दै भारतीय साम्राज्यवादले फेरि लिपुलेक र लिम्पियाधुरामा सडक विस्तार गर्ने घोषणा गरेर देशभक्त र क्रान्तिकारी जनसमुदायको हृदय र भावना चिराचिरा पारिरहेको छ। देश लुटिँदा सत्ताधारीहरूको हृदय दुखेको छैन, बरु यही व्यवस्थाको चुनाव र सत्ताको जोडघटाउमा राज्यको ढुकुटी स्वाहा पार्ने खेलहरू दिन-रात चलिरहेका छन्।

यसैक्रममा सत्ताधारी पाँचदलीय गठबन्धन आगामी वैशाखमै स्थानीय चुनाव गराउने सहमतिमा जुटेको छ भने वैशाख, जेठ वा मङ्सिरमा चुनाव गराउँदा हुने फाइदा-बेफाइदाका बारेमा सत्ताधारी दल र समूहहरू माथापच्ची गरिरहेका छन्। सत्ताधारी दलहरू गतवर्ष फागुन २१ गते तत्कालीन केपी वली सरकार र नेकपाका बीचमा सत्ता सङ्कट विद्यमान रहेको र त्यसको समाधानका लागि छलफल, बहस गरेर अघि बढ्नका लागि नेकपासँग भएको तीनबुँदे सहमति कार्यान्वयनका विषयमा कुनै चासो दिइरहेका छैनन्। उक्त सहमतिमा सरकारले नेकपामाथि लगाइएको प्रतिबन्ध हटाउने, जेल र हिरासतमा राखिएका नेकपाका नेता-कार्यकर्ता रिहा गरी झूट्टा मुद्दा खारेज गर्ने र नेकपाले शान्तिपूर्ण कार्यक्रमहरू गर्ने उल्लेख थियो। सहमतिअनुसार नेकपा शान्तिपूर्ण राजनीतिक गतिविधिहरू गरिरहेको छ। नेकपासँग सरकारले सहमति गरेको एक वर्ष पुग्नै लागेको छ तर त्यतिबेला सहमति गर्ने वली सरकार पतन भएर पुष्पकमल दाहाल-माधव नेपाल-बाबुराम भट्टराईहरूले शेरबहादुर देउवालाई 'किस्तीमा' लगेर प्रधानमन्त्री खुवाएका छन्। तत्कालीन वली सरकारले नेकपामाथि आफैँले लगाएको प्रतिबन्ध हटाउनु र वर्तमान सरकारले बेलाबेला छलफलको नाटक गर्नुबाहेक कुनै ठोस काम गरेको छैन। देश र जनताका लागि सरकारको यो लाजमर्दो र खेदजनक कार्य हो। आफूले गरेको सहमति कार्यान्वयन नगर्नुजत्तिको लज्जास्पद विषय अरू के हुन सक्छ ?

अहिले पनि नेकपाका सवा सय नेता-कार्यकर्ता वली-देउवा-दाहाल सरकारले लगाएका विभिन्न झूट्टा मुद्दा खेपेर कष्टपूर्ण जेलजीवन बिताइरहेका छन्। कयौँ नेता-कार्यकर्तामाथि तत्कालीन सरकारले थोपरेका हज्जारौँ झूट्टा मुद्दा खारेज गर्नु त कहाँ हो कहाँ, उल्टै नयाँ मुद्दाहरू लगाएका घटना सार्वजनिक भएका छन्। कम्युनिस्ट नाउँको पार्टीले निर्माण गरिदिएको एउटा सरकारले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षाका लागि आन्दोलन गर्दा जेल र हिरासतमा राखिएका नेता-कार्यकर्ता नछुटाईकन र तिनीहरूमाथिका ती झूट्टा मुद्दा फिर्ता नलिईकन गठबन्धन दलहरूले स्थानीय वा कुनै पनि निकायका चुनाव गराउन सक्छौँ भन्ने कुरा सपनामा मात्र सोचका होलान् कि विपनामा पनि सोचेका होलान्, अनुमान लगाउन असहज छैन। राज्यसत्तामा सङ्कट छ र यो दुई पक्षबीचको सहमतिअनुसार नै समाधान हुन्छ भन्ने विषय पुरानो सत्तालाई स्पष्ट गराएर सहमतिमा आएको नेकपासँग सरकारले वार्तामा बस्ने वातावरणसमेत तयार पारेको छैन। यस्तो अवस्थामा विभिन्न निकायको चुनाव गराउँछु र फेरि सत्ता टिकाउँछ, यही सत्तामा पुगेर मस्ती गर्छु भन्ने सोच्नु संसद्वादी पर्टीहरूको महामूर्खता हो। तिनले यसरी मूर्ख्याइँ गरी पहरामा टाउको नजोत्दा नै बेस हुन्छ। यतिबेलासम्म पनि बिग्रिसकेको केही छैन। सहमति पालना गरेर वार्तामा बसी नेकपाले अघि सारेका एजेन्डाहरूमा छलफल गराउनु र दलाल पुँजीवादी व्यवस्था कि वैज्ञानिक समाजवादी व्यवस्था रोज्ने भनेर जनतामा, जनमतसङ्ग्रहमा जानु नै यतिबेला सबैभन्दा सहज निकास हुनसक्छ। अन्यथा मुलुकले फेरि नसोचेको राजनीतिक द्वन्द्व, मुठभेड र विद्रोह झेल्नुपर्ने हुनसक्छ। समयमै चेतना भया !

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# समाजवाद र महिला

*"महिलाहरूले जुनसुकै व्यवस्थामा पनि आफ्नो शरीरमाथिको अधिकार आफैले कायम गर्न सकेनन् किनकि दासयुगमा कमाराकमारीका रूपमा रहे र मालिकका दासी बने, मालिककै अधिकार कायम रह्यो। सामन्तवादी युगमा सामन्तका नोकर बने, सामन्तकै आधिपत्य रह्यो। पुँजीवादी युगमा जोसँग पैसा छ उसकै अधिकार रह्यो। यो महिलाहरूको कमजोरी नभएर बाध्यता थियो। सत्ताविहीन, सम्पत्तिविहीन, रोजगारविहीन भएपछि पुँजीवादी समाजमा जे आफूसँग छ त्यही बेचेर खाने कुरा अन्यथा थिएन। अब यसको उचित समाधान वैज्ञानिक समाजवादी व्यवस्थाले दिनेछ।"*


धीरेन्द्रा उपाध्याय 'भृकुटी'

*'परिणामस्वरूप अत्यन्तै गडबड भयो र त्यसलाई ठीक गर्नका लागि एउटै मात्र मार्ग बाँकी रह्यो- मातृ अधिकारको ठाउँमा पितृ अधिकार कायम गरियोस् र यस ढङ्गले धेरथोर गडबढी दूर भयो पनि। समग्रमा यो ज्यादै स्वाभाविक सङ्क्रमणजस्तो देखिन्छ।'*

***कार्ल मार्क्स***

'मातृ-अधिकारको उन्मूलन नारी जातिका लागि विश्व-ऐतिहासिक महत्वको पराजय थियो। अब घरभित्र पनि पुरुषले आफ्नो आधिपत्य जमायो। नारीलाई पदच्यूत गरियो र दासत्वमा जकडियो। वीरकालका र त्यसभन्दा पनि बढी शास्त्रीय कालका युनानीहरूमा नारीको यो पतीत हैसियत स्पष्टसँग देखियो। पछि बिस्तारैबिस्तारै किसिमकिसिमका आवरणले ढाकेर तथा सजाएर र आंशिक रूपमा थोरै नरम रूप दिएर त्यसलाई पेस गर्न लागियो तर यो गिरावट कहिल्यै पूरा भएन।'

## एङ्गेल्स, परिवार निजी सम्पत्ति र राज्यको उत्पत्ति

महिला वर्गमा भएको सहनशीलता र कोमलताको फाइदा उठाउँदै प्राकृतिक रूपमा प्राप्त मातृ अधिकार षड्यन्त्रमूलक ढङ्गले बल प्रयोगबिना नै स्वाभाविक रूपमा मातृ उत्तराधिकारीको प्रथालाई उल्ट्याइयो र त्यसको ठाउँमा पैतृक उतराधिकारी प्रथा स्थापित भयो जसका कारण महिलामाथि पुरुषको एकल अधिकार कायम हुनु, श्रम विभाजनमा-उत्पादनशील श्रममा पुरुष हुनु, अनुत्पादनशील श्रममा महिला हुनु, उत्पादनका साधन र स्रोतमा निजी स्वामित्व कायम हुनु आदी रह्यो। इतिहासमा पितृसत्ताले दिएको धोका र षड्यन्त्रको अन्त्य गर्न कति क्रान्ति भए, कति सङ्घर्षहरू भए, सयौँको सङ्ख्यामा महिलाहरूले बलिदान दिए तर सामान्य सुधार मात्रै भयो। नारी जातिमाथि भएको अपमानजनक पराजयलाई विजयमा बदल्न कसैले सकेको छैन। अब यसको विकल्प विश्वका बहुसङ्ख्यक सर्वहारा श्रमजीवी वर्गमाथि शोषण, दमन र एकाधिकारवादी प्रभुत्व जमाएर रहेको दलाल पुँजीवादी व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादको उदयबाट मात्रै आम सर्वहारा श्रमजीवी वर्गको मुक्ति सम्भव छ। स्वतः वर्गको मुक्तिसँगै महिला मुक्ति अनिवार्य हुन आउँछ।

## दलाल पुँजीवादी व्यवस्था के हो ?

*'पुँजीवादी व्यवस्थामा कम पुँजी भएका वर्गका महिलाहरूको संसार उनीहरूको घर हो जब कि सर्वहारा महिलाहरूको घर पूरा विश्व हो। निरङ्कुश, क्रूरता, दुःखहरू र खुसीले भरिएको संसार हो।'*

***–रोजा लक्जमबर्ग***

दलाल पुँजीवादी व्यवस्था भनेको बहुसङ्ख्यक सर्वहारा श्रमजीवी जनताको रगत, पसिना र श्रमको शोषणद्वारा आर्जित पुँजी सीमित व्यक्तिको हातमा केन्द्रित गरी बहुसङ्ख्यक जनतामाथि शासन गर्ने र मालिकको चाकडी गर्ने एकखालको परजीवी पुँजीवाद हो। यसले विश्वका सीमित पुँजीपति वर्गका कम्पनीहरूमार्फत अति एकाधिकारवादी र अति केन्द्रित तरिकाले विश्व-समुदायमा लूट मच्चाइरहेको छ। हुँदाहुँदा राज्यसत्ता नै नियन्त्रणमा लगेको छ। यसले महिला वर्गमा एनजीओ, आईएनजीओमार्फत रूपमा औपचारिक समानताको गुलियो नारा फलाकेको छ। सारमा दोस्रो दर्जाको नागरिकको तक्मा भिराइदिएको छ। राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा अधिकारविहीन चरम उत्पीडनको सिकार बनाएको छ।

## समानताको नारामा फैलाइएका खराबीहरू

***१) अनुत्पादनशील श्रममा कैद गर्नु***

मातृप्रधान समाजअन्तर्गत महिलाहरूले नै उत्पादन (वितरण) को नियन्त्रण गर्दथे। आधुनिक ढङ्गको खेतीपातीमा महिलाहरूको नै प्रमुख भूमिका हुन्थ्यो। जब जनावरका बथान वा अन्य सम्पत्तिका कारण कबिलामा क्रान्ति भयो, गोत्रको सामूहिक स्वामित्वबाट अलगअलग परिवारमा मुखियाहरूको निजी सम्पत्तिमा परिणत भयो। त्यसको मालिक पुरुष नै हुन थाल्यो। त्यसपछि श्रम विभाजनमा जीवनका लागि चाहिने आवश्यक साधन जुटाउने, उत्पादन गर्ने, त्यसको स्वामी पनि पुरुष नै बन्न थाले। महिलाले उपभोगको हिस्सा लिए पनि स्वामित्वमा कुनै पनि हिस्सा थिएन। पुरुषले आफूलाई स्थापित गऱ्यो। महिला वर्गलाई दोस्रो दर्जामा धकेलिदियो। महिला घरेलु कामकाजमा मात्र सीमित भई। अब उसका लागि संसार चुलो, चौको, घर, श्रीमानूको सेवा, बच्चाको पालनपोषण मात्रै हुन गयो। सामाजिक उत्पादनका सबै क्षेत्रबाट निकाला गरियो। मूल्यहीन श्रममा कैद गरियो। आजको पुँजीवादी युगसम्म पनि महिला यही अन्यायको सिकार भएका छन्।

***२) वेश्यावृत्तिको विकास गर्नु***

*'जहिलेदेखि समाज वर्गमा बाँडियो तहिलेदेखि नै अनिवार्य रूपले वेश्यावृत्ति पनि सुरु भयो। प्रस्ट छ जबसम्म धनसम्पत्तिका आधारमा अरूलाई किन्ने, कज्याउने र उसको शोषण गर्ने शोषक वर्ग रहनेछ तबसम्म वेश्यावृत्ति पनि अनिवार्य रूपमा रहनेछ।*

***–एङ्गेल्स***

आदिम वर्गविहीन गण समाजमा वेश्यावृत्ति भन्ने शब्द जन्मेको थिएन। दासयुगबाट नै वेश्यावृत्ति जन्मेको हो र सामन्ती युगमा हाँगा हाली पुँजीवादी युगमा फलेफुलेको हो। यसका जन्मदाता गरिब जनता नभई शोषक वर्ग नै हुन्। संसारमा ठूला पुँजीपति देश र पुँजीपति वर्गले आफ्नो व्यापारका लागि र राज्यले पनि कर असुलीका लागि निश्चित इलाका नै छुट्याएका छन्। वेश्यावृत्ति महिलाहरूको कमजोरी नभई पुँजीवादी राज्य व्यवस्थाको कमजोरी हो। यसको मूल कारण आर्थिक कठिनाइ हो। आर्थिक सङ्कटले ग्रस्त भएका महिलाहरू अरू कुनै सम्मानजनक पेसा पाउन नसकी आफ्नो इच्छाबिना परपुरुषलाई पैसाका निम्ति शरीर सुम्पन्न बाध्य छन्। व्यापारीले समाजमा जोसँग जे छ त्यही बेचेर खान्छ। वस्तु हुनेले वस्तु बेच्छ, दिमाख हुनेले बुद्धि बेच्छ, शरीर हुनेले शरीर बेच्छ।

***३) पुँजीपतिले विलासिताको साधन बनाउनु***

पुँजीपतिहरूले महिलाहरूलाई पुँजी आर्जन गर्ने आफ्नो भोगविलास र मनोरञ्जनको कठपुतलीभन्दा अरू केही ठान्दैनन्। आफ्ना सामान बिक्री गर्न विज्ञापनको साधन बनाएका छन्। नाइट क्लब, डान्स बार, दोहोरी साँझ, सिनेमाहरूमा मदिरा सेवन गराई ग्राहक आकर्षित गरी व्यापार गर्ने माध्यम बनाएका छन्। यो महिलामाथिको शारीरिक र मानसिक शोषण हो। पुँजीपतिहरूले गरिब महिलाका कोख भाडामा लिएर बच्चा जन्माउने र विदेशमा बच्चा बिक्री गर्ने गरिरहेका छन्। आफ्ना 'आइमाई' को सौन्दर्य बिग्रिन्छ भनेर गरिब महिलाहरूलाई दूध चुसाउन, बच्चा स्याहारसुसार गर्ने धाईआमा बनाएका छन्। यो पनि पुँजीपतिको विलासिताका लागि हो भने गरिब महिलाको आर्थिक कठिनाइ हो। पुँजीवादीहरू छाडावादलाई महिला स्वतन्त्रताको पराकाष्ठा सम्झन्छन्।

***४) वस्तुझैँ खरिदबिक्री गर्नु***

पुँजीवादी व्यवस्थाले महिलाहरूलाई मानवताका आधारमा कुनै नागरिकमाथि राज्यले पूरा गर्ने दायित्वभन्दा आफ्नो मुनाफाका लागि छोरीचेलीलाई खरिदबिक्री गर्ने चलन स्थापित गरेको छ। विदेशका कोठीहरूमा गरिब महिलाको शरीर बिक्री भएको छ। पुँजीपतिहरूले घरमा यौनदासीका रूपमा प्रयोग गरिरहेका छन्। प्रेमका आधारमा विवाह गर्नेभन्दा पुँजीका आधारमा विवाह गर्ने बस्तुभाउझैँ मूल्य तोक्ने चलन छ। त्यो कम भयो भने विवाह नगर्ने र गरे पनि दाइजो कम भयो भनेर मानसिक र शारीरिक यातना दिने गरिन्छ। यही कारणले कयौँ महिलाले आत्महत्या गर्नुपरेको छ। यस्तो खरिदबिक्री गर्ने चलन मानवताविरोधी हर्कत हो। विश्वसुन्दरी, उपभोग्य वस्तुको विज्ञापन, ब्रान्ड एम्बेस्डरजस्ता सन्दर्भ यसैका उपज हुन्।

***५) समान श्रम र असमान ज्याला हुनु***

अहिलेको पुँजीवादी व्यवस्थाले महिला र पुरुषमा पनि ठूलो विभेद गरेको छ। कुनै मजदुर महिला ज्यालादारी श्रम गर्छ, पुरुष पनि ज्यालादारी श्रम गर्छ, काम एउटै हो तर ज्याला पुरुषलाई बढी र महिलालाई कम दिने चलन छ। यो असाध्यै अन्यायपूर्ण छ। महिलाले घरमा गर्ने काम र कुनै जागिरदार पुरुषले गर्ने काममा ठूलो अन्तर छ। श्रम हेर्दा पुरुषको मानसिक श्रम छ, मूल्य छ तर त्योभन्दा जटिल काम महिलाको छ तर त्यो मूल्यविहीन छ। बाहिर पुँजीवादी व्यवस्थाका मतियारहरूले महिला समानताका लागि लगाएको नारा बकबास मात्र हो।

***६) धार्मिक, सांस्कृतिक शोषण हुनु***

प्राकृतिक सत्तामा आधारित मानव समाजले आफ्नो रक्षाका लागि प्रकृति (सूर्य, चन्द्रमा, वरपीपल, पानी, हावा) को पूजा गर्दथ्यो। त्यतिबेला जात, धर्म, ईश्वर, भगवान् भन्ने केही थिएन। जब वर्गविभाजित समाजको उदय भयो, शासक वर्गले आफ्नो सत्ता रक्षाको साधनका रूपमा धर्मको विकास गऱ्यो। कालान्तरमा धर्म नै उत्पीडित वर्गमाथि शोषण, दमनको हतियार बन्यो। अहिले महिलाहरूमा हिन्दु, क्रिस्चियन, बौद्ध, मुस्लिम, इसाई धर्मका नाममा दमन, शोषण र उत्पीडन भइरहेको छ। जुनसुकै संस्कारसँग धर्मलाई जोडेर भगवान्, ईश्वर, हल्लाह, परमेश्वरको नाम नलिएर सन्तोष नहुने अवस्था छ। यो अध्यात्मवादी दृष्टिकोण हो। धर्म उसको कानुन हो। यो विचार र कानुनका विरुद्ध उत्पीडित वर्गले सङ्घर्षद्वारा विजय प्राप्त नगरी महिला मुक्ति सम्भव छैन।

## वैज्ञानिक समाजवादी व्यवस्था भनेको हो ?

'महिलाहरूको आन्दोलनको मुख्य उद्देश्य महिलाहरूको औपचारिक समानताका लागि मात्र होइन, आर्थिक तथा सामाजिक समानताका लागि पनि लड्नु हो। मुख्य काम महिलाहरूलाई सामाजिक रूपले उत्पादक श्रममा तान्नु हो, उनीहरूलाई घरेलु दासत्वबाट निकाल्नु हो, भान्से एवम् धाईको निरन्तर चाकडी तथा अलग वातावरणको तिरर्थक एवम् अपमानजनक सेवाबाट मुक्त गर्नु हो।

-लेनिन ४ मार्च- १९२०

पुँजीवादी उत्पादन सम्बन्ध एवम् राज्य व्यवस्थाले पैदा गरेका वर्गीय अन्तरविरोध, जातीय, क्षेत्रीय, धार्मिक र लैङ्गिक रूपमा गरिएका दमन र उत्पीडनको अन्त्य गर्दै उत्पादनका साधनमा सामूहिक स्वामित्व कायम गर्ने पूर्ण समानतामा आधारित व्यवस्था हो। महिला वर्गमा पितृसत्ताको उदयदेखि पुँजीवादी युगसम्म लादिएका सबैखाले उत्पीडन, शोषण र दमनको अन्त्य गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा पूर्ण समान अधिकार प्रधान गर्ने व्यवस्था नै वैज्ञानिक समाजवादी व्यवस्था हो। यो व्यवस्थाले महिलाहरूका क्षेत्रमा हल गर्नुपर्ने केही सवालहरू निम्न छन् :

***१) सम्पत्तिमाथि स्वामित्वको सवाल***

जति बेला मानव समाजमा सामूहिक स्वामित्वमा आधारित सम्पत्ति थियो त्यति बेला मातृप्रधान समाज थियो। महिला र पुरुषको समान ढङ्गले उत्पादन गर्ने, उपभोग गर्ने, श्रम विभाजन पनि सामान ढङ्गले गरिएको थियो। कसैले कसैमाथि शोषण, दमन र उत्पीडन गर्ने भन्ने थिएन। जब निजी स्वामित्वमा आधारित सम्पत्तिको विकास भयो मातृप्रधान समाजको अन्त्य भई पितृसत्ताको उदय भयो त्यति बेलादेखि महिला वर्ग दोस्रो दर्जाको नागरिकमा परिणत भयो। महिलामाथि अनेकौँ शोषण, दमन, उत्पीडनका तानाबाना बुनिए। इतिहासमा पहिलो दासी पनि महिला र अन्तिम दासी पनि महिला हुन पुगे। त्यसैले महिला मुक्तिको मुख्य र पहिलो सवाल निजी स्वामित्वमा आधारित सम्पत्तिको अन्त्य र सामूहिक स्वामित्वमा आधारित सम्पत्तिको विकास गर्नुपर्छ। उत्पादनका साधन-स्रोतमा सामूहिक स्वामित्व हुनुपर्छ। सम्पूर्ण सम्पत्ति राज्यको हुनुपर्छ। उत्पादन, उपभोग र वितरणमा समानता कायम हुनपर्छ अनि बास्तविक महिला मुक्ति सम्भव छ।

***२) राजनीतिक सत्ताको सवाल***

*'राज्य भनेको उत्पीडित वर्गको दमनका निम्ति चाहिने विशेष शक्ति हो।'*

***–एङ्गेल्स***

*'सत्ताका लागि भएको सङ्घर्षमा जितको ग्यारेन्टी उदारवादीहरूद्वारा सिनेटर तथा मेयर छान्नमा मद्दत गरेर प्राप्त हुँदैन, बरु सर्वहारा जनसमुदायको सङ्घर्षमा भाग लिने तयारीबाट प्राप्त हुन्छ।'*

*-रोजा लक्जमबर्ग*

दलाल पुँजीपति वर्गले बहुसङ्ख्यक सर्वहारा श्रमजीवी वर्गमाथि सत्ताको विशेष शक्तिद्वारा शोषण र दमनको नीति अवलम्बन गरेको छ। बहुसङ्ख्यक सर्वहारा श्रमजीवी जनताले पनि बल प्रयोगको माध्ययमबाट सर्वहारा वर्गको अधिनायकत्वसहितको राज्यसत्ता स्थापना गर्न जरुरी छ। अझै इतिहासको पहिलो सर्वहारा वर्ग महिला हो। यसलाई षड्यन्त्रपूर्ण ढङ्गले पितृसत्ताले अधिकारच्च्यूत गरी दासमा परिणत गऱ्यो। आफू सत्तामा विराजमान भयो। यसको क्षतिपूर्तिसहित राज्यसत्ताको बागडोर आफ्नो हातमा लिन जरुरी छ। दलाल संसदीय व्यवस्थाले सङ्घर्षको बलमा कानुनमा दर्ज भएको ३३ प्रतिशत महिला प्रतिनिधित्व पनि कार्यान्वयनमा हिचकिचाइरहेको

... बाँकी पृष्ठ ३ मा

## दल बदलको ....

भएको वा पुँजीवादी भए पनि अमेरिकाजस्तो संसदीय व्यवस्था भएको देशमा पनि दलबदलको त्यति ठूलो आवश्यकता पर्दैन किनकि त्यहाँ पार्टी प्रणाली त छ तर 'टु पार्टी सिस्टम' छ । तर हाम्रोजस्तो बहुलवादी राजनीतिक प्रणाली भएको तथा जनयुद्धबाट भाँडिएको र नेतृत्वको गद्दारीपूर्ण अवसानपछिको समाजमा यस्तो प्रवृत्ति धेरै प्रश्रय पाउँदो रहेछ । यो बहुदलीय भनिएको दलाल संसदीय राजनीतिमा यसको विकास तीव्रतर हुँदो रहेछ । आज नेपाली राजनीति चाहे त्यो क्रान्तिकारी होस् वा संसदवादी पार्टी सबै दलबदलका कारण प्रताडित छन् । आखिर राजनीतिमा यस्तो किन हुन्छ ? केके कारण हुन सक्छन् त ? यसका विषयमा छोटो चर्चा गर्न जरुरी छ ।

*१) स्वार्थ वा अवसर खोज्ने राजनीतिक चेत*

यो प्रवृत्ति क्रान्तिकालमा भन्दा शान्तिकालमा धेरै मौलाउने गर्दछ । नेपाली राजनीति र नेपाली कम्युनिस्ट आन्दोलनमा सबैभन्दा बढी स्थान पाएको प्रवृत्ति पनि यही हो । पद-प्रतिष्ठालाई आफ्नो क्षमता मापनको केन्द्र मान्ने, जति सक्यो माथि पुग पाए हुन्थ्यो भन्ने सोच्ने, सोचेअनुरुप पद प्राप्ति हुन सकेन भने पार्टीनेता वा समितिसँग निहुँ खोज्ने, बार्गेनिङ गर्ने, घुर्की लगाउने, धम्की दिने आदिइत्यादि सबै गर्ने, यति गर्दा पनि भएन भने पार्टी बदल्ने र आफूलाई सुरक्षित गर्ने । पार्टीमा रहुन्जेल नेतृत्वको पूजा गर्ने, चाकडी गर्ने, स्वार्थ मिलेन भने सत्तोसराप गर्ने, सकिनसकी 'पाँडे गाली' गर्ने । आफ्नो स्वार्थ पूर्ति हुने भएमा सबै गर्ने, स्वार्थ पूर्ति नहुने भएमा भण्डाफोर गर्ने । यो राजनीतिक चेतको विकास आजको दुनियाँमा धेरै भएको छ । यसले क्रान्तिकारी आन्दोलनलाई विभिन्न समयमा क्षति पुग्ने पनि गरेको छ । यो निम्नपुँजीवादी अर्धेय र क्रान्तिकारी चिन्तनमाथिको अस्पष्टताका कारण हुने गर्दछ । स्वार्थ र अवसर पाए सबै बिर्सने, नपाए पार्टी छोड्ने, विरोध गर्ने, धारे हात लगाएर गाली गर्ने यो प्रवृत्ति अन्ततः विसर्जनमा गएर सकिन्छ ।

*२) क्रान्तिकारी दृष्टिकोणको अभाव*

क्रान्तिकारी पार्टी निर्माणमा क्रान्तिकारी दृष्टिकोण बन्नु अनिवार्य कुरा हो । दृष्टिकोण प्रस्ट नभई क्रान्तिकारी बन्न सम्भव हुँदैन । हरेक राजनीतिक सिद्धान्त एउटा विचार र दृष्टिकोणमा आधारित हुन्छन् । त्यही विचार र दृष्टिकोणअनुरूप आफ्ना राजनीतिक गतिविधिहरू सञ्चालित हुने गर्छन् । क्रान्ति केवल हवाईकल्पनामा हुने र गर्न सम्भव हुने कुरा पनि हैन । नेता-कार्यकर्ताको चेत क्रान्तिकारी दृष्टिकोणले ओतप्रोत हुन अनिवार्य छ । सिद्धान्तमा सर्वहारा क्रान्तिको कुरा गर्ने, व्यवहारमा निम्नपुँजीवादी गैरक्रान्तिकारिता लागू गर्ने तर आफूलाई सधैं अब्बल दर्जाको क्रान्तिकारी रहेको ढोङ प्रदर्शन गरिरहने यो प्रवृत्ति पनि क्रान्तिमा रहिरहन्छ तर लामो समय क्रान्तिलाई साथ दिएर जान सक्दैन । कालान्तरमा दलबदल गरेर वा आफ्नै पार्टी र नेतालाई धोका दिएर जाने गर्दछ ।

*३) आत्मसुरक्षावादी तथा आत्मसमर्पणवादी चिन्तन*

यो सिद्धान्ततः क्रान्तिको जटिल प्रक्रियामा देखिने क्रान्तिका निम्ति निकै घातक प्रवृत्ति हो । तर विभिन्न समयमा यो देखिइरहन्छ । सबैभन्दा कायर प्रवृत्तिले म बहादुर, म शक्तिशाली र अरू सब सहायक हुन् भन्ने ठान्छ । तथ्यले भन्दा तर्कले जित्ने उसको मुख्य चिन्तन हुन्छ । तथ्यभन्दा तर्कलाई विश्वास गर्दछ । आत्मसुरक्षावाद तर्कबाजहरूको सहायक नाम हो भन्दा पनि फरक पर्दैन । यो प्रवृत्ति क्रान्तिको एकदम खराब प्रवृत्ति हो । घुम्ती, मोड र जटिल परिस्थितिहरूमा यो प्रवृत्ति डम्मगाउँछ । यो प्रवृत्तिले समस्या अरूमा तेर्स्याउँछ भने आफू चोखो रहेको तर्क गर्दछ । बनावटी र कपोलकल्पित तर्क गरेर आफूलाई अब्बल दर्जाको भएको प्रमाणित गर्न खोज्छ । तर लामो समय यो प्रवृति पनि क्रान्तिमा टिक्दैन । कि आत्मसमर्पण गरेर दुस्मनको कित्तामा पुग्छ, कि त क्रान्तिबाटै भाग्छ । निकै कुटिल प्रवृत्ति भएकाले समयमै पहिचान गर्न पनि कठिन हुन्छ तर एउटा समय यस्तो आउँछ यो प्रवृत्ति स्वयम् बाहिर आउँछ ।

*४) कारबाही*

नेपालमा एउटा सजिलो के बनेको छ भने धेरैले आफूलाई क्रान्तिकारी कम्युनिस्ट पार्टी भन्ने गर्दछन् । एउटा पार्टीले सांस्कृतिक विचलन, आर्थिक विचलन वा यस्तै कुनै गल्ती गर्ने कार्यकर्तालाई कारबाही गर्दछ तर अर्को क्रान्तिकारी भन्ने पार्टीमा लगेर नेता बनाउँछ र ऊ नेता बन्ने गर्छ । एउटा पार्टीले कारबाही गरेको कार्यकर्ता अर्को कुनै पार्टीमा गएर नेता बन्नुलाई के भन्ने ? कुसंस्कार वा गतिशील विचार ? यो राजनीतिमा मौलाएको गलत संस्कार हो । क्रान्तिकारी पार्टीमा रहेर आफ्नो लाभ सूक्ष्म ढङ्गले लिने जब पार्टीले जानकारी पाउँछ र गलत काम गरेबापत कारबाही गर्दछ, पार्टी छोडेर अर्को कुनै पार्टीको शरणमा पुगेर आफ्नो गलत कामको रक्षा गर्ने प्रवृत्तिलाई कुनै तवरबाट पनि सही मान्न सकिँदैन । यो सबैभन्दा बढी यौनमामलाका घटना र आर्थिक अपारदर्शिताका सवालमा देखिने गर्दछन् । क्रान्तिकारी पार्टीमा रहेर आर्थिक कुम्ल्याउने जब पार्टीले कारबाहीको प्रक्रिया अगाडि बढाउँछ कुलेलम ठोक्ने प्रवृत्ति विगतदेखि नै रहेको छ । यो प्रवृत्ति पनि खतरनाक नै देखिन्छ । एउटाको जुठो अर्कोमा जाँदा चोखो, एउटाको चोर अर्कोमा साधु, एउटाको बलात्कारी अर्कोमा जाँदा पवित्र नेपाली राजनीतिको दैनिकी बन्दै आएको छ जो राजनीतिको भद्दा मजाक मात्र मान्न सकिन्छ ।

*५) नेतृत्वको अदूरदर्शिता वा विचलन*

मान्छे विचलित हुनु, पार्टी छोड्नु वा अर्को कुनै पार्टीमा जानुका कारणमा नेतृत्वको अदूरदर्शिता, अपारदर्शिता र सिद्धान्त-विचारअनुरूप कार्ययोजना निर्माण नभएमा वा विचलित भएमा पनि यस्ता घटनाहरू हुने गर्दछन् । कार्यकर्ताप्रति नेतृत्व पूर्वाग्रही सोचाइको वा नेतृत्वको क्षमता र वस्तुगत स्थितिको सही तालमेल नमिल्दा त्यसो हुन सक्छ । उदाहरणका लागि जनयुद्धबाट आएको माओवादी शक्ति छिन्नभिन्न हुन पुग्यो । को कहाँ पुग्यो आज त्यसको लेखाजोखा गर्न नै सम्भव छैन । किन त्यसो भयो त भन्दा नेतृत्वमा आएको राजनीतिक विचलन नै मुख्य कारण हो । जनमुक्ति सेनासहित लाखौं कार्यकर्ता भएको माओवादी पार्टी आज काङ्ग्रेसको बुई चढेर आफ्नो राजनीतिक अस्तित्व धानिरहेको छ ।

गलतबाट सही ठाउँका लागि आफूलाई तयार गऱ्यो रूपान्तरण भयो र गलत पार्टीबाट क्रान्तिकारी पार्टीमा स्थानान्तरण भयो भने त्यो अग्रगामी, क्रान्तिकारी कदम बन्न जान्छ । त्यही पनि कुनै दागले नछोएको हुनु उत्तम हुने गर्दछ । संसद्वादी शक्तिबाट क्रान्तिकारी पार्टीमा रूपान्तरण र स्थानान्तरण गर्दा उसको सबै नालीबेली हेर्नुपर्छ नै । संसद्वादीहरूले जस्तो आफ्नो भोट बढाउन चुनावको माहोलमा गरेको हूल-भेल प्रवेशको नीतिजस्तो क्रान्तिकारी नीति राम्रो हैन, त्यस्तो नीति बनाउनु पनि हुँदैन । क्रान्तिकारी रूपान्तरणको हक सबैलाई हुन्छ तर ऊ आफू क्रान्तिप्रति बफादार हुनुपर्छ । नेपालमा गफ चुटेर खाने क्रान्तिकारी प्रवृत्ति हाबी हुँदै गएको छ । अरूको सत्तोसरापमा आफ्नो राजनीतिक भविष्य देख्ने र आफ्नो अस्तित्वरक्षा गरेर बसिरहने प्रवृत्तिले विभिन्न समयमा क्रान्तिका विरुद्ध पनि टाउको उठाउने गर्दछन् । एउटा पार्टीबाट अर्को पार्टीमा जानु वा पार्टी छोड्नु मान्छेको व्यक्तिगत स्वतन्त्रता हो तर एउटा पार्टीको बदमास कार्यकर्ता अर्को कम्युनिस्ट पार्टीको कार्यकर्ता वा नेता कसरी बन्न सक्छ, यो प्रश्न भने जटिल प्रश्न हो । आजको दुनियाँमा विकसित चेतनाको उपज ठान्ने हो भने पनि मान्छेले प्रगतिशिर, अग्रगमनतिरको पाइला नचालेर किन पश्चगमनको पाइला चाल्छ त भन्दा उसको स्वार्थमा जब धक्का लाग्छ, ऊ पछाडि फर्कन्छ जो कालान्तरमा उसकै राजनीतिक जीवनका लागि पनि पीडाबोध बन्ने कुरा निश्चित छ । सौताको रिसले आफ्नै ओछ्यानमा पिसाब फेर्दा आफैँलाई सुत्न कठिन हुने कुरा हो । कुनै समयमा पश्चातापसहित फर्कनुको विकल्प हुँदैन जो ढिला भैसकेको हुनेछ ।

आफूलाई जोजसले पार्टी, समुह वा झुण्ड बनाएर क्रान्तिकारी पार्टी चित्रण गर्दछन्, जति पनि कम्युनिस्ट नामका पार्टीहरू छन्, अन्ततः सही, सत्य र क्रान्तिकारी पार्टी एउटा नै हुने गर्दछ । सबै एउटै तुलानाका कम्युनिस्ट क्रान्तिकारीहरू हुन र रहन सम्भव छैन र हुँदैनन् पनि । भोट बटुल्न जनताको मनोभावलाई बुझेर भावनामा राजनीति गर्न गरिएका सबै हर्कतहरू एक दिन घामझैँ बाहिर आउँछन नै । बास्तविक श्रमिक जनता र क्रान्तिको एजेन्डा बोकेर को लडेको छ ? जनताले कसलाई विश्वास गरेका छन् ? त्यसको आधार के हो भन्ने कुराले को क्रान्तिकारी र को गैरक्रान्तिकारी पार्टी हो भन्ने कुरा निर्धारण गर्दछ । सक्षम नेता, कार्यकर्ता र ठूलो जनताको शक्तिसहित सङ्गठित रहेको पार्टी भनेको नेपाल कम्युनिस्ट पार्टी मात्र हो । यो पार्टीका वरपर जनताको आशा, विश्वास र आकर्षण बढेको छ । तर कतिपय मान्छे छोडेर भागे भन्दा अपत्यारिलो पनि लाग्न सक्छ तर यो विज्ञानको नियम हो । हरेक सफलतासँग असफलता, विजयसँग पराजय, क्रान्तिसँग प्रतिक्रान्ति, सत्यसँग असत्य जोडिएर नै आएका हुन्छन् । त्यसो हुँदा बेलाबेलामा त्यस्ता शक्ति वा व्यक्तिले दिने सक सामान्य ठान्नु पर्दछ र निरन्तर क्रान्तिको दिशालाई पकडिरहनु पर्दछ । हाल नेपालमा चलेको विगतको बिहारी राजनीतिक संस्कार हो । केही समय यो चल्छ नै तर यसको अन्त्य अनिवार्य छ । दलाल पुँजीवादको आडमा टिकेको बिहारी राजनीतिक संस्कारको अन्त्य नभएसम्म न नेपाली जनताको प्रगति सम्भव छ, न त नेपाली जनताले मुक्ति प्राप्त गर्दछन् । दलबदलपूर्ण बिहारी राजनीतिक संस्कारको अन्त्य केवल वैज्ञानिक समाजवादी राज्य व्यवस्थामा मात्र सम्भव छ ।

## समाजवाद र ....

छ । सेरेमोनियल राष्ट्रपति, केही उपमेयर, केही सांसद दिँदैमा महिला मुक्ति हुँदैन । वास्तविक महिला मुक्तिका लागि पहिलो-सीमित दलाल पुँजीपति वर्गको आधिपत्य रहेको राजनीतिक अधिकारलाई बहुसङ्ख्यक सर्वहारा श्रमजीवी जनताको हातमा अधिकार स्थापित गर्नु पर्दछ । दोस्रो- राज्यसत्ताका सम्पूर्ण अङ्गमा उम्मेदवार छनोट गर्दा जनसङ्ख्याका आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ । तेस्रो- पार्टीले महिलालाई विश्वासका साथ चौतर्फी नेतृत्व विकास गर्नुपर्छ, पार्टी र सत्तामा बनेका महिलासम्बन्धी नीति र कानुनहरूलाई हुबहु व्यवहारमा कार्यान्वयन गर्नुपर्दछ । चौथो- महिलाहरूलाई नेतृत्वमा विकास गर्न वैचारिक, राजनीतिक स्कुल, प्रशिक्षण सञ्चालन गर्नु पर्दछ ।

*३) श्रममा समानताको अधिकार*

कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालन हुने वैज्ञानिक समाजवादी व्यवस्थामा समान श्रम र समान ज्याला निर्धारण हुनेछ । घरेलु काम मिलिजुली महिला र पुरुषले समान ढङ्गले गर्नु पर्नेछ ⌡ बच्चाबच्चीहरूको व्यवस्थापन, शिक्षा र स्वास्थ्यको जिम्मा राज्यले लिनेछ । एउटा परिवारले दुईटा मात्रै सन्तान जन्माउने कानुन हुनेछ । यो व्यवस्थामा क्षमताअनुसारको काम, कामअनुसारको दामको ग्यारेन्टी हुनेछ । महिला आर्थिक रूपमा आत्मनिर्भर हुनेबित्तिकै महिलामा लादिने शोषण-उत्पीडन अन्त्य हुनेछ ।

*४) सामाजिक सुरक्षाको अधिकार*

वैज्ञानिक समाजवादी व्यवस्थामा सामाजिक सुरक्षासम्बन्धी विशेष कानुन राज्यले बनाउनेछ । सामूहिक बलात्कारजस्तो जघन्य अपराधको सिकार भई मर्नुपर्ने अवस्थाको अन्त्य हुनेछ । समाजमा यस्ता घटना भएमा राज्यले दोषीमाथि कडाभन्दा कडा कारबाही गर्नेछ । पैसाका आधारमा गरिने विवाहलाई खारेज गर्नेछ । प्रेमका आधारमा गरिने विवाहलाई मान्यता दिनेछ । दाइजोप्रथा पूर्ण रूपले अन्त्य गरिनेछ । दाइजो कम भएका कारण मर्नुपर्ने अवस्था आउनेछैन । छाउपडी प्रथा, घुम्टोप्रथा, तलाकप्रथा, जारीप्रथा पूर्ण रूपमा अन्त्य हुनेछ । बेरोजगारीका कारण देहव्यापार गर्नुपर्ने अवस्था उत्पन्न हुनेछैन । समाजमा शान्तिसुरक्षामा खलल पुग्ने, अराजकता, दण्डहीनता पूर्ण रूपले अन्त्य हुनेछ । जाँड, रक्सी, जुवा, तास, लागुपदार्थको उपभोग राज्यले नियन्त्रण गर्नेछ । समाजमा जन्म संस्कार, मृत्यु संस्कार र विवाह संस्कारलाई सहज, सरल र सस्तो बनाइनेछ ।

*५) शरीरमाथिको अधिकार*

महिलाहरूले जुनसुकै व्यवस्थामा पनि आफ्नो शरीरमाथिको अधिकार आफैले कायम गर्न सकेनन् किनकि दासयुगमा कमाराकमारीका रूपमा रहे र मालिकका दासी बने, मालिककै अधिकार कायम रह्यो । सामन्तवादी युगमा सामन्तका नोकर बने, सामन्तकै आधिपत्य रह्यो । पुँजीवादी युगमा जोसँग पैसा छ उसकै अधिकार रह्यो । यो महिलाहरूको कमजोरी नभएर बाध्यता थियो । सत्ताविहीन, सम्पत्तिविहीन, रोजगारविहीन भएपछि पुँजीवादी समाजमा जे आफूसँग छ त्यही बेचेर खाने कुरा अन्यथा थिएन । अब यसको उचित समाधान वैज्ञानिक समाजवादी व्यवस्थाले दिनेछ । सत्तामाथि समान अधिकार, सम्पत्तिमाथिको स्वामित्वमा समान अधिकार, रोजगारीको पूर्ण सुनिश्चितता हुनेबित्तिकै महिलाहरूको आफ्नो शरीरमाथिको आत्मनिर्णयको अधिकार पनि सुनिश्चित हुनेछ ।

*६) चुलोचौकोको पारिवारिक कामबाट मुक्त गर्ने*

चुलोचौकोको पारिवारिक कामको बहानामा महिलाहरूलाई कज्याउन र चार पर्खालभित्र कैदी बन्दी बनाउने काम गरिरहेको छ । यसबाट पूर्ण रूपमा मुक्त नभई महिला अधिकारका कुरा गर्नु कोरा आदर्श मात्रै हुनेछ । त्यसैले अबको समाजवादी व्यवस्थामा यस्तो कैदी जीवनबाट महिलाहरूलाई पूर्ण रूपमा मुक्त गरी सामाजिक उत्पादनका क्षेत्रमा सरिक गराउन पर्दछ ।

अतः महिला मुक्तिका लागि वैज्ञानिक समाजवादी व्यवस्था मात्रै सबै व्यवस्थाभन्दा उन्नत व्यवस्था साबित भएको छ । पितृ सत्ताको उदयदेखि पुँजीवादी युगसम्म महिलामाथि लादिएका सबैखालका शोषण, दमन र उत्पीडनको अन्त्य गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा पूर्ण समानतामा आधारित राज्य व्यवस्था नै वैज्ञानिक समाजवादी राज्य व्यवस्था हो । यो व्यवस्था प्राप्तिका लागि महिला वर्गले अन्तिम सङ्घर्षमा आफूलाई तयार गर्न जरुरी छ ।

# कोरोनाको सारथी संसदीय भेन्टिलेटर



सविन पोखरेल

कोरोनाको आक्रमणमा परेर मानवजातिले हालसम्म आफ्ना ५६ लाखभन्दा बढी सदस्य गुमाइसकेको छ । यो विभिन्न देशका सरकारहरूले आधिकारिक रूपमा राखेको तथ्याङ्क हो तर मृतकको सङ्ख्या १.९ करोडभन्दा बढी हुनसक्ने अनुमान छ । सानो जनसङ्ख्या भएको नेपालमा समेत यो आलेख लेखिहँदा ११ हजार ६ सयभन्दा बढी नागरिकको ज्यान कोरोनाले लिइसकेको छ । कोरोना महामारी सुरु हुँदा मानव जाति सबैले कोरोनाविरुद्ध संयुक्त सङ्घर्ष गरे । पछि क्रमशः पहिलो, दोस्रो र तेस्रो लहरको मार गरिबहरूले खेपिरहेका छन् । मानिसको मृत्युले भयावह रूप धारण गर्दा धनाढ्य मुलुक, व्यक्ति र शासकहरूले पैसा थुपार्ने लालच झन् बढाएका छन् जसको परिणाम खोप लगाउन नपाएर बहुसङ्ख्यक मानिसले आफ्नो जीवनलाई कोरोनाको आक्रमणमा पार्न बाध्य भएका छन् । आर्थिक समानताका अभियन्ता नविल अहमदले भने जस्तै, 'असमानता आफैँमा जनस्वास्थ्य समस्या हो ।' असमानताले उत्पन्न गरिबी र अभावका कारण आज संसारमा प्रत्येक ४ सेकेन्डमा एकजना मान्छेको मृत्यु भइरहेको छ । अर्कोतिर संसारका प्रमुख १० अर्बपतिहरूको सम्पत्ति यही अवधिमा प्रतिएक सेकेन्डमा १५ हजार डलरले वृद्धि भएका विभिन्न तथ्याङ्कहरू सार्वजानिक भएका छन् ।

बेरोजगारी, गरिबी र असमानताको चर्को मारमा परेको नेपाली समाज अति आवश्यकीय औषधी र कात्रोमा समेत भ्रष्टाचार गर्ने शासकीय रवैयाको दलनले आक्रान्त छ । कोरोनाको तेस्रो लहरले थलापरेका नागरिकलाई थप हैरान हुने गरी गरिएको पेट्रोलियम पदार्थको मूल्यवृद्धिले सबै क्षेत्र प्रभावित हुँदा जनताको दैनिकी बन्द हुने स्थितिमा छ । सिटामोलको कृत्रिम अभाव उत्पन्न गरेर माफियाहरू अर्को लुटखसोटको तयारीमा जुटेका छन् । सामान्य नागरिक सिटामोलसमेतको अभावमा तड्पिनुपर्ने स्थितिमा नेपाललाई पुऱ्याएको छ । सम्पूर्ण नागरिकलाई खोपको प्रबन्ध गर्न सकिने स्थिति हुँदाहुँदै पनि कमिसनको चक्करमा खोप आयातमा ढिलाढाला गरिएको छ । खोप लगाउन आवश्यक पर्ने सिरिन्जको समेत अभाव गराइएको छ ।

आर्थिक विपन्नताको मार खेपिरहेका नागरिकहरूलाई शोक, भोक र रोगले एकैपटक आक्रमण गरिरहेको छ । त्यसको प्रतिरक्षा गर्नुपर्ने राज्य र सरकार निर्दयी छ । विभेदकारी राज्यसंयन्त्रको चर्को मारमा छन् बेसाहाराहरू । मापदण्डको तरबारले तिनको पेट खाली छ । कपडा च्यातिएको छ । सिटामोल र जीवनजल पनि नपाएर तड्पिरहेका उनीहरू आआफ्नै खोरमा थुनिन अभिषप्त छन् । यती, ओम्नीहरूसँगको सहवरणमा लिप्त संसद्वादी पार्टीहरूले फेरि दुर्गन्धित बतासको विनासकारी आँधीको भुमरीमा देशको अर्थतन्त्र फसाएका छन् ।

महामारीले जनताको जीवन धरापमा परिरहेको बेला नेपालमा अनौठो खालको संसदीय रत्यौली चलिरहेको छ । विलासीपथमा लिप्त शासकहरूको, नेपालीजनले खेपिरहेको पीडा सम्बोधन गर्ने कुरामा कतै ध्यान छैन । सत्ता पक्ष, प्रतिपक्ष भनिएकाहरू सबैको अर्जुनदृष्टि आफूअनुकूल सत्तागठबन्धन बनाउने र भत्काउनेमा छ । एमसीसी अनुमोदन गर्ने-गराउने, आफू र आफ्नो समूहलाई फाइदा हुने गरी चुनावको मिति तय गरेर अर्को आलिसानपथको लाइसेन्स अध्यावधिक गर्ने अभियानमा लागेकाहरूको ताण्डव हेर्न बाध्य छन् नागरिकहरू । अनेकौँ पीडाहरूले थिलथिलो पार्दा पनि टुलुटुलु हेर्न र सुन्न मात्र सक्ने तर गर्न केही नसक्ने रमिते दर्शकजस्तो बन्न विवश बनाइएका नेपाली नागरिकहरूको पीडादायी जीवनकथा शासकहरूले लुकाउन खोजे पनि छरपस्ट छ । कोरोना महाव्याधिको त्रासमा आर्थिक-सामाजिक विभेदीकरणको प्रभाव ओफेलमा पारिएको छ ।

## कारक तत्व : नवउदारवादी लुटखसोट

हरेक चीजलाई वस्तु बनाएर विनिमय गर्ने पुँजीवादी व्यवस्थाले पूर्णतः पैसाले स्वास्थ्य साटेको छ । पैसा हुनेहरू सजिलै अत्याधुनिक सुविधा पाउने, नहुने जिउँदै मर्नुपर्ने बाध्यता यो व्यवस्थाले उत्पन्न गरेको छ । जब कुनै वस्तुलाई मुनाफाका लागि बजारमा लगिन्छ भने त्यसबाट बढीभन्दा बढी फाइदा लिने कुरालाई नै जोड दिइएको हुन्छ । सन् १९८० को दशकमा विश्वमा आर्थिक मन्दी आएपछि चरम आर्थिक सङ्कटमा फसेका धेरै देशलाई अन्तर्राष्ट्रिय वित्तीय संस्था, विशेषगरी आईएमएफ र विश्व बैङ्कले ऋण उपलब्ध गराउन निश्चित सर्तहरू अगाडि सारे जसले गर्दा ती राष्ट्रहरूमा सार्वजनिक क्षेत्रहरूमा सरकारी खर्च कटौती गरियो । त्यसपछि झनै दुरवस्थामा पुगेको जनताको स्वास्थ्य अवस्थाको ठेक्का निजी क्षेत्रलाई दिन सुरु गरियो ।

नवउदारवादी अर्थतन्त्रअनुरूप जब स्वास्थ्यलाई उपभोग्य वस्तुका रूपमा हेरिन्छ तब नाफामुखी निजी क्षेत्रको लगानी स्वास्थ्य क्षेत्रमा बढ्नु स्वाभाविक नै हो । यसरी राज्यले प्रदान गर्नुपर्ने निःशुल्क स्वास्थ्य सेवामा उपभोक्तावाद मौलाउँदा स्वास्थ्य सामग्री उत्पादक, औषधी कम्पनी, निजी अस्पताल, क्लिनिक सञ्चालक, बिमा कम्पनी लगानीकर्ता तथा बैङ्कहरूलाई सबैभन्दा बढी फाइदा पुगिरहेको हुन्छ भने आमसर्वसाधारण मानिस उपचार खर्चकै कारण जायजेथा गुमाउन बाध्य हुन्छन् । यसरी उनीहरूले फाइदा लिइरहँदा मेडिकल माफियासँग सहवरण गरेर सरकारी संयन्त्रले नीतिगत तहमै स्वास्थ्य क्षेत्रलाई निजीकृत गर्दछ ।

त्यस्तै नीतिले आज नेपालमा शिक्षामा १० प्रतिशत र स्वास्थ्यमा जम्मा साढे ४ प्रतिशत मात्र बजेट खर्च हुन्छ । २०४६ सालपछि काङ्ग्रेसको नेतृत्वमा स्वास्थ्य र शिक्षामा व्यापारीकरण र निजीकरणको बेलगाम बाटो खुला गरिएको हो । यो ३० वर्षको अवधिमा आफूलाई कम्युनिस्ट भनाइरहेकाहरूसमेत पालैपालो सत्तासीन भएका छन् । शिक्षा र स्वास्थ्य राज्यको दायित्व भन्ने नारा चुनावको बेला जनता भुक्याउने सस्तो प्रचारबाजीमा सीमित छ, बरु पालैपालो सरकारमा जाने नेता निजी अस्पताल, मेडिकल कलेज र निजी शिक्षालयका मालिकमा बदलिने गर्छन् ।

नाफामुखी निजी क्षेत्र कुनै पनि रोगको रोकथाम गर्नुभन्दा निदान र उपचारमा विभिन्न प्रविधि भित्र्याएर रोगीहरूबाट अधिक पैसा कसरी असुली गर्न सकिन्छ, त्यस्ता क्षेत्रमा लगानी बढाएर यस्ता सेवामा आफ्नो एकाधिकार कायम गर्न सफल हुन्छन् । स्वस्थ नागरिक बनाउनुभन्दा बिरामी हुँदा मात्र चर्को फाइदा लिएर बिरामीको उपचार गर्ने मुख्य योजना बनाइन्छ । यस्तो तरिका भनेको रोगी बढाउने र नागरिकको खर्च बढाउने तरिका हो । स्वास्थ्य विज्ञानमा एउटा महत्वपूर्ण सिद्धान्त छ, रोगको उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस । यहाँ त जति रोग फैलिन्छ उति मुनाफा भन्ने मेडिकल माफिया सिद्धान्त पो लागू गरिन्छ । कोरोना र पुँजीको परिपथ भन्ने आलेखमा महामारीविद् रव वालेसको भनाइअनुसार 'नवउदारवादी व्यवस्था आफैँमा एउटा रोग हो । यो रोग कोभिड १९ जस्ता अरू धेरै रोगहरूको कारकतत्व बनेको छ, बनिरहनेछ । पैसाको यात्रा जसरी सीमाविहीन रूपमा जारी रह्यो, त्यसैगरी रोगहरूले पनि यात्रा गरे ।'

## राज्यले तत्काल गर्नसक्ने काम

मनव जीवनलाई भीमकाय सङ्कटको घेराबन्दीमा पारेको कोरोनाले युगान्तकारी सम्भावनाका नयाँ ढोका पनि खोलिदिएको छ । स्वास्थ्य र शिक्षा राज्यको दायित्वमा लिने उपयुक्त वातावरण कोरोनाले सिर्जना गरिदिएको छ । कयौँ मुलुकले यही कोरोनाकालमा निजी मेडिकल कलेज र अस्पताललाई राष्ट्रियकरण गरेर आफ्ना नागरिकको स्वास्थ्यको सम्पूर्ण दायित्व राज्यको हातमा लिइसकेका छन् । नेपालमा पनि भएका सबै निजी मेडिकल कलेजलाई राष्ट्रियकरण गर्ने प्रक्रिया तत्काल सुरु गर्ने हो भने स्वास्थ्य राज्यको दायित्वमा आउन सुरु हुन्छ । सरकारी अस्पतालमा भरपर्दो

... बाँकी पृष्ठ ७ मा

गताङ्कबाट बाँकी

# कम्युनिस्ट समाज निर्माणका समस्या



अर्जुन क्षेत्री

समाजभित्र अन्तरविरोध हुन्छ । ती अन्तरविरोधहरू के कारणले हुन्छन् भन्ने कुरा सही तरिकाले पत्ता लगाउने र त्यसको समाधान खोज्ने विधि भनेकै वैज्ञानिक समाजवादी विधि हो भन्ने कुरा आजका कम्युनिस्टहरूले सोच्नुपर्छ । धनी र गरिब, पुँजीवादी र सर्वहारा, मालिक र मजदुर, नयाँ र न्यायजस्ता कुराहरू मानव समाजभित्रका मुख्य अन्तरविरोध हुन् । यी सबै अन्तरविरोधको समाधान गर्ने व्यवस्था आजको नेपाली समाजलाई चाहियो । त्यसको सही समाधान कुन व्यवस्थाले गर्न सक्छ भन्ने कुरा हाम्रो नेपाली समाजलाई प्रस्टसँग व्यवहारमा देखाउन आवश्यक छ । मानव समाजलाई गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सूचना राज्यले दिने नीति बनाएर वैज्ञानिक तरिकाले समाजवादलाई परिचालन गर्ने नीति र विधि, संविधानमा राख्नुपर्छ । पैसाको भरमा होइन, नागरिकका बारेमा सही तरिकाले सोच्ने व्यक्तित्वलाई त्यो देशको मुख्य नेतृत्व बनाएर लगे मात्र आजको मानव समाजको अन्तरविरोधको समस्या समाधान गर्न सकिन्छ भन्ने कुरा सम्पूर्ण नागरिकलाई आफ्नो स्वतन्त्र मतद्वारा जनमतसङ्ग्रहबाट समाजको अन्तरविरोध समाधान गर्न सकिन्छ भन्ने आज नेपालको राजनीतिमा प्रस्टसँग देखिएको छ । यसका बारेमा सच्चा कम्युनिस्टहरूले वैज्ञानिक समाजवादबाट मात्र समाजको अन्तरविरोध हल हुन्छ भनेर पुँजीवादी समाजबाट वैज्ञानिक समाज निर्माणको महान् यात्रामा रूपान्तरण गर्नु नै समाजभित्रको अन्तरविरोधलाई सही तरिकाले समाधान गर्ने सकिन्छ भन्ने कुरा बुझाउन सक्छन् र सक्नुपर्छ । किनभने अहिलेसम्मको हाम्रो समाज टुक्रे उत्पादन र अर्थकेन्द्रित पुँजीवादी चेतनामा कैद छ । यसको समाधान भनेको निजी सम्पत्तिको अन्त्य र सामूहिक उत्पादनप्रणालीको विकास हो । दलाल संसदीय व्यवस्थाले हामी सच्चा कम्युनिस्टहरूलाई मात्र होइन, संसदीय व्यवस्था सही हो भन्ने पार्टीहरूलाई पनि यो व्यवस्था असफल भयो भन्ने पाठ सिकएको देखिन्छ । समाजभित्रको मुख्य अन्तरविरोध पुँजीवादी व्यवस्था हो र यो अन्तरविरोधको समाधान नै वैज्ञानिक समाजवादी व्यवस्थाले गर्छ ।

हाम्रो समाजमा एउटा यस्तो खालको चिन्तन छ जुन चिन्तनले गर्दा हाम्रो समाजभित्र जबरजस्ती रूपमा पुँजीवादी चेतना निर्माण गरिदिएको देखिन्छ । त्यो भनेको आदर्शवादी चिन्तन हो । यो चिन्तनले धनी, गरिब, राजा, महाराजा, जमिनदार, मजदुर, मालिक, दास यी सबै कुरा भगवान्, ईश्वर, अल्लाह, प्रभुहरूले बनाएको खेल हो भनेर हाम्रो मानव समाजलाई दृष्टिभ्रम पारेर जबरजस्ती समाजमा दलाल पुँजीवादी व्यवस्थालाई मानव समाजमा लादेको देखिन्छ । यसका बारेमा पुँजीवादीहरूले मानव समाजलाई काल्पनिक कुराहरू गरेर मान्छेलाई दृष्टिभ्रम पार्दै आफ्नो एकलौटी शासन चलाएका छन् । २१ औँ शताब्दीमा समाजमा गाँजिएको पुँजीवादलाई अन्त्य गर्न भौतिकवादी दृष्टिकोण भएको वैज्ञानिक समाजवादी व्यवस्थाका बारेमा वैज्ञानिक विचार भएको समाजवादी व्यवस्था निर्माण गर्न आजका इमानदार कम्युनिस्टहरूले नेपाली जनतालाई भन्न आवश्यक छ- किन धनी, गरिब, दुखी, सुखी, पुँजीपति, सर्वहारा, तल्लो जात, माथिल्लो जात छ ? यी सबै कुरा किन र कसले निर्माण गरेको हो भन्ने कुरा समाजका अगुवा भन्ने सामन्तहरूले काल्पनिक आदर्शवादी नीति बनाएर समाजमा विरोधाभासपूर्ण कुराहरूलाई बनावटी संस्कार र संस्कृति निर्माण गरेर मानव समाजभित्र पुँजीवादको विकास गरेकाले समाजभित्र पुँजीवाद गाँजिएको छ । यसको मुख्य नीति भएका कारणले गर्दा सामन्तवादी भूस्वामित्व कायम गर्न निजी सम्पत्तिको रक्षा गर्नु उसको मुख्य उद्देश्य देखिन्छ । यसको अन्त्य वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र गर्छ भन्ने कुरा आज नेपालका संसद्वादीहरूको रवैयाले देखाएको छ । हाम्रो समाजमा पुँजीवाद किन हाबी भएको छ भन्ने कुरा कम्युनिस्टहरूले भन्दै आएका छन् तर यसको वास्तविक गहिराइमा पुगेको देखिँदैन किनभने समाजमा पुँजीवाद किन गाँजिएको हो ? पुँजीवादले मानव समाजलाई किन र कसरि टिकाइरहेको छ ? वैज्ञानिक समाजवादलाई सजिलै तरिकाले पुँजीवादमा पतन गराएको छ भन्नेबारेमा हामी वैज्ञानिक समाजवादका पक्षधर कम्युनिस्टहरूले समाज निर्माण गर्न आफ्नो आन्दोलन लाई नयाँ तरिकाले नयाँ योजना हामिले हाम्रो वर्गलाइ किन भन्दैनौं ? कम्युनिस्टहरू भन्ने मात्र, समाज निर्माण भन्ने कुरा मात्र भएको छ । जीवन व्यवहारमा पुँजीवादी संस्कार र संस्कृतिमा रमाउनाले नै हाम्रो समाजमा पुँजीवाद गाँजिएको हो । हाम्रो समाजमा पुँजीवाद गाँजिनुका मुख्य दुईवटा कारण : पहिलो, कम्युनिस्टहरू आफ्नो मार्गदर्शक सिद्धान्तमा अडिक नहुनु र दोस्रो, पुँजीवादी संस्कार र संस्कृतिमा विलय हुनु । यसको अन्त्यका लागि कम्युनिस्टहरू मालेमावादी सिद्धान्तमा मुखले होइन, व्यवहारबाट नै कम्युनिस्ट सिद्धान्तमा लागेर २१ औँ शताब्दीको कम्युनिस्ट चेतनाको विकास गर्न आवश्यक छ । रुसमा ख्रुस्चेबहरूले ल्याएको संशोधनवादी नीति लागू गर्ने अनि श्रमिक जनतालाई हामी कम्युनिस्ट हौँ भनेर बोली र व्यवहार फरक गरेकाले आज विश्व-कम्युनिस्ट आन्दोलनभित्र पुँजीवाद गाँजिएको देखिन्छ । मानव समाजमा पुँजीवाद किन गाँजिएको हो भन्ने केही कारण छन् : पहिलो कारण मानवसभ्यताको विकासक्रममा क्यास्पियन र कृष्ण सागरबीचको ककेसस पर्वतशृङ्खला र त्यसको आसपासको भूमिमा बसोबास एवम् जीवनयपन गर्ने ककेसियन मानव समूहकोहरूको समाज देखिन्छ र ती तीन मुख्या शाखाहरू : इन्डो युरोपियन (आर्य), सेमेटिकहरूमा इन्डो-युरोपियन आर्यहरू सिन्धुका दुई किनारमा मेहोन्जोदारो र हडप्पाहरूको उत्पादन शक्ति, उत्पादनका साधन, उत्पादन सम्बन्धबीचमा पैदा भएको अन्तरविरोध वैधानिक समाधानको विचार र विधिको अभाव भएको कारणले मालिक-दास, शोसक-शोषित समाजमा विभक्त भएको देखिन्छ । दासहरूलाइ दमन गर्न मालिकहरूले राज्यका रूपमा विकसित भएको राज्य जुन अर्काको श्रम शोषण गरेर मालिक बन्ने तत्वहरूको राज्य विकास हुँदै आयो । धर्मलाई आफ्नो शोषण व्यवस्था कायम गर्न अमोघ आस्त्रका रूपमा प्रयोग गर्दै जाँदा यो सामाजिक स्तरमा संस्थागत बन्न पुग्यो । यो कुरालाई पुँजीवादीहरूले समाजलाई रङ्गीबिरङ्गी बनाएर मानव समाजलाई जबर्जस्ती पुँजीवादी समाजमा स्थानान्तरण गराएको देखिन्छ । समाजभित्रका यस्ता अन्तरविरोधहरू समाधान गर्न मार्क्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्रमा लेख्नुभयो- निजी सम्पत्तिको अन्त्य । यो कुरा आजका कम्युनिस्टहरूले लागू गर्न नसक्नु र अतिरिक्त मूल्यको सिद्धान्तलाई पुँजीवादीहरूले नक्कल गरेर समूह, सहकार्य, कम्युनबाट सिक्दै पुँजीवादको विकास र वैज्ञानिक समाजवादलाई असफल पार्न कम्युनिस्ट आन्दोलनभित्र आफ्ना दलाल नक्कली कम्युनिस्ट बनाएर घुसपैठ गराएका कारण आज समाजमा पुँजीवाद गाँजिएको देखिन्छ । अर्को कुरा मार्क्सदेखि अहिलेसम्मका सम्पूर्ण कम्युनिस्टहरूले पुँजीवाद खराब हो भनेर लेखेका छन् तर व्यवहारमा लागू गर्न सकेका छैनन् । यसको मुख्य कारण भनेकै कम्युनिस्ट समाज निर्माण गर्न नसक्नु हो । कम्युनिस्टको समाज कस्तो हुन्छ भन्ने व्यवहारमा लागू गरेर सर्वहारा वर्गलाई देखाउन नसकेकाले नै कम्युनिस्ट होइन, पुँजीवादी समाज गाँजिएको देखिन्छ । यसका बारेमा हामी कम्युनिस्टहरूले समीक्षा गरेर वैज्ञानिक समाज निर्माण गर्दै गाँजिएको पुँजीवादको अन्त्य गर्न इमानदार कम्युनिस्टहरू एक ठाउँमा आउन जरुरी छ । पुँजीवादलाई परास्त गर्न समाजमा गाँजिएको पुँजीवादको अन्त्य गर्न २१ औँ शताब्दीमा एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद निर्माणको अभियानमा लाग्न आवश्यक छ ।

यसका लागि नेतृत्व र दृष्टिकोणको समस्या हल गर्नुपर्छ । नेतृत्व र दृष्टिकोणका बारेमा विश्वकम्युनिस्ट र नेपाली कम्युनिस्ट आन्दोलनमा ठूलठूला बहस भएका छन् । कम्युनिस्ट आन्दोलनमा सकारात्मक नकारात्मक बहसहरू भैराखेको बेला नेतृत्व र दृष्टिकोण भनेको गम्भीर विषय हो । यो धेरै नै संवेदनशील विषय हो किनकि विश्वकम्युनिस्ट आन्दोलनमा मात्र होइन, मानव समाजको विकासदेखि अहिलेसम्मको मानव समाजको इतिहासलाई बुझ्ने, बदल्ने र व्याख्या गर्ने आफैँमा धेरै संवेदनशील विषय छ । जब मानव समूहमा बस्ने चेतनाको विकास भयो त्यो बेलादेखि नै नेतृत्व, दृष्टिकोण र चेतनाले नै सबै कुराको छिनोफानो गरेको देखिन्छ । नेतृत्वको दृष्टिकोण कस्तो छ ? पुँजीवादी छ भने उसले पुँजीवादका बारेमा योजना बनाउँछ । पुँजीवादी व्यवस्था निर्माण गर्नतिर लाग्छ । सिङ्गो विश्वको सम्पूर्ण साधन, स्रोत आफ्नो अधीनमा राख्ने र आफ्ना दलालहरू सम्पूर्ण देशमा राख्दै जाने उसको दृष्टिकोण हुन्छ ।

कम्युनिस्ट दृष्टिकोण भएको नेतृत्वले आजको सङ्कट पुँजीवादी अर्थराजनीतिक सम्बन्धका कारणले पैदा भएको हो र यसको निकास राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक क्षेत्रमा देखिएको असफलता र जनताको अग्रगामी चाहनाका बीचमा पैदा भएको अन्तरविरोध एवम् सङ्घर्षका कारण देखापरेको हो । यसको निकास वैज्ञानिक ढङ्गले दिनसक्ने नेतृत्व नै वैज्ञानिक समाजवादी दृष्टिकोण भएको नेतृत्व हो । एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादी राज्यसत्ता निर्माण गर्ने नेतृत्व नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लवसँग छ । यसको सही निकास नेपाल कम्युनिस्ट पार्टीले ल्याएको योजना जनमतसङ्ग्रहको चुनावबाट वैज्ञानिक समाजवाद नै हो ।.

# जन्मदिनको प्रतिगामी उत्सव



खोमा तरामु मगर

देश मरुभूमिमा कम्पास हराएको मान्छेजस्तै अन्धाधुन्ध छ । चिसोको स्याँठसँगै फेरि कोरोनाको डर मन्दमन्द वरिपरि घुमिरहेको छ । डर नमानेर के गर्नु ? महामारीसित जुध्ने सरकारी तयारी अझै पनि निम्छरो छ । मेडिकल सामग्रीमा भ्रष्टाचारको अघिल्लो समाचार स्मृतिको शीर्षस्थानमा आलै छ । डर गजबको अनुभूति हो । मान्छे कहिले छातीमा गोली थाप्न तयार हुन्छ, कहिले हल्लैहल्लाले तर्सिएर थरथर काँप्छ । डरको गुरुत्व कति बलशाली हुन्छ भने सबै ध्यान आफूतिर खिचिदिन्छ । डरको गुरुत्वजस्तै यतिखेर जन्मोत्सवको नोटिफिकेसनले मेरो ध्यान खिचिरहेको छ । बूढो गोरुले गह्रुङ्गो गाडा तानेजस्तै यसले मेरो निस्पृहतालाई तानिरहेको छ । म्यासेज बक्समा जन्मदिनका शुभकामना सन्देशहरू खसेका खस्यै छन् । म फेसबुकको पर्दा जति उघार्दै जान्छु 'ह्याप्पी बर्थ डे टु यु' लेखिएका लक्करहरू देख्छु । प्रियजनहरूको लाइक, कमेन्ट, रियाक्ट चलिरहेको छ ।

यतिखेर वैचारिक प्रतिक्रान्तिको शीतलहरमा आगोको गीत ओकल्नुपर्ने बेला 'ह्याप्पी बर्थ डे टु यु' का प्रेमिल र समवयी गीत बजाएर मान्छेहरू व्यर्थको समय बर्बाद गरिरहेका छन् । मलाई थाहा छ, फेसबुकका सारा भर्चुअल मान्छेहरू आफूजस्तै हुनुपर्ने कामनाको भ्रममा बाँचिरहेको छु । तर हामीले बाँचिरहेको समय र समाजको यथार्थ चित्र त्यस्तो छैन । पश्चिमा रङ्गीचङ्गी हाम्रा झ्यालढोकाहरू फोडेर घरभित्रै पसिसकेका छन् । बहुराष्ट्रिय कम्पनी घरघरमा पसेर सुन्दरी प्रतियोगिताका लागि छोरीचेलीहरूको छाती नापिरहेको छ । 'आइडियल' प्रतियोगिताले मान्छेलाई बजारको बिकाउ माल बनाएको छ । पछिल्लोपटक टिकटक संस्कृतिले परिवार बिथोलेको छ । उत्तरआधुनिकतावादको चकचकी बढिरहेकै छ । अहिलेको समाजको सांस्कृतिक ऐना हेर्न फेसबुक, ट्विटर र टिकटक हेरे पुग्छ । सामाजिक सञ्जाल नयाँ केही सिक्ने गजबको अवसर हो । मुलुकको सांस्कृतिक पर्यावरण धमिलिएको बेला 'ह्याप्पी बर्थ डे' संस्कृतिबारे सङ्क्षिप्त छलफलमा भाग लिँदैछु ।

### जन्मोत्सवको जग

मान्छेको जीवन उसले बाँच्ने समय हो । समय उसको जीवनलाई नाप्ने गणितीय औजार हो । वर्ष यस्तो बिन्दु हो, जहाँदेखि जीवनको विगत र आगतको दूरी नापिन्छ । जन्मदिन सत्य हो तर जन्मोत्सवप्रति मलाई किञ्चित विश्वास छैन । अर्थात् जन्मोत्सव पूर्ण भ्रम हो । जन्मोत्सव गरेर मान्छे दीर्घायु हुँदैन । न त वेद, गरुडपुराण, उपनिषद्, मनुस्मृति, रामायण, महाभारत, गीता, बाइबल पढेर वा धार्मिक कर्मकाण्ड गरेर मान्छे दीर्घायु हुन्छ । न त 'बर्थ डे' केक सेलिब्रेसन गरेर । जन्मोत्सवको भ्रमबाट मुक्त हुनैपर्छ हामी । इतिहास दोहोरिँदैन तर उस्तै प्रकारका घटनाहरू समाजमा दोहोरिरहन्छन् । अर्थात् मान्छे एकपटक जन्मिएपछि उही मान्छे हरेक वर्ष जन्मिँदैन तर नयाँ मान्छे जन्मिने प्रक्रिया चलिरहन्छ । हरेक वस्तुको जन्म, विकास र मृत्यु हुन्छ, मान्छे पनि यो नियमभन्दा बाहिर छैन ।

त्यसो त जन्मदिनबारे थुप्रै अद्भुत कथाहरू कथिएका छन् । यसबारे थुप्रै अवतारको सूची पढ्न पाइन्छ । दुनियाँमा हरेक दिन अनगिन्ती दीप बल्छन् जन्मदिनका नाममा । असङ्ख्य मैनबत्ती निभ्छन् । अनेक प्रिय वचन र कामनाहरू लेनदेन हुन्छन् । सामाजिक सञ्जाल शुभकामनाका प्रेमिल शब्दहरूले पोतिन्छन् । आज जन्मोत्सवको बजार हस्तक्षेपले चारैतिर गिजोलिरहेको छ । तर यी थुप्रैथुप्रै सूचीबीच म जन्मोत्सवको सांस्कृतिक चरित्रबारे सोचमग्न छु ।

बाह्रौँ शताब्दीमा जन्मदिन मनाउने प्रचलन इजिप्टको रोमनबाट सुरु भएको थियो । रोमनका पुरुषले जन्मदिन मनाउँथे तर महिलालाई यो अधिकारसमेत थिएन । जन्मदिनसँगै जोडिएर अङ्ग्रेजी भाषामा 'ह्याप्पी बर्थ डे टु यु' गीत रचना भएको थियो । यो गीत विश्वमा यति चर्चित बन्यो कि सन् १९९८ को गिनिज बुक अफ वर्ल्ड रेकर्ड नै कायम गऱ्यो । यो गीत विश्वमा दुई दर्जनभन्दा बढी भाषामा अनुवाद भयो । आज यो गीत हरेक जन्मदिनका अवसरमा विश्वभर गाइन्छ ।

सन् १८९३ मा पहिलोपटक गाइएको यो गीतको रचना र सङ्गीत दुईजना दिदीबहिनी मिल्ड्रिड जे हिल र पाटी स्मिथ हिलले गरेका थिए । 'गुड मर्निङ टु अल' बोलको स्कुलको गीतबाट परिमार्जन गरी 'ह्याप्पी बर्थ डे टु यु' बोलको गीत बनेको थियो । सुरुमा रोमनका कुलीन वर्गले मिथहरूको कल्पना गरेर जन्मोत्सव मनाउन थालेका थिए । उनीहरूले जन्मोत्सव मनाउनु सोखको विषय थियो । देवी आर्टेमिसलाई युनानीहरूले चन्द्रमाको उपमा दिएका थिए । कुमारी देवीका रूपमा उनको पूजा हुन्थ्यो । देवी आर्टेमिस आफ्नो जन्मदिन सधैँ विशेष होस् भन्ने चाहन्थिन् । त्यसैले आकाशीय पिण्डाकार शैलीको केक लिएर समर्थकहरू उनलाई भेट्न जान्थे । यसक्रममा केक काट्ने र मैनबत्ती निभाउने परम्परा सुरु भएको थियो । प्राचीन रोममा जन्मदिन मनाउनु कुलीनहरूको विशेषाधिकार थियो । रोमन समाजमा ५० वर्ष भएपछि उनीहरूको जीवनको 'माइलस्टोन' पार गरेको मानिन्थ्यो । यसरी माइलस्टोन पार गरेका कुलीनहरूले साथीहरू र परिवारका साथ जन्मदिन मनाउँथे । १५ औँ शताब्दीसम्म 'केक कल्चर' बच्चाहरूको जन्मदिनमा मात्रै सीमित थियो तर १८ औँ शताब्दीमा जर्मनका बेकर्सले जन्मदिनको केक बेच्न सुरु गरेपछि यो संस्कारका रूपमा सर्वत्र फैलियो ।

### जन्मोत्सवको नकारात्मक असर

नेपालमा पञ्चायत कालदेखि राजाको जन्मदिन मनाउन थालियो । हामी स्कुल पढ्दा राजाको जन्मदिनमा सार्वजनिक बिदा दिइन्थ्यो । स्कुलले सूचना जारी गर्थ्यो, सबैजना हाजिर हुनू भनेर । पञ्चायती कालमा स्थानीय पञ्चनेताली राजाको जन्मदिन विशेष उल्लेखनीय हुन्थे । जजसले बढी तामझामपूर्ण राजाका जन्मदिन मनाउँथे, उनीहरूले स्तरअनुसारका पदक पाउँथे । राजसंस्थालाई रिझाउन यो नै उपयुक्त माध्यम थियो । राजाको भक्तिगान गरेर आफ्नो निहित स्वार्थ पूरा गर्न पञ्चहरूले कुनै कसर बाँकी राखेनन् । राजाको जन्मदिन पोसाक पहिऱ्याउन तँछाडमछाड हुन्थ्यो । राजा महेन्द्रकै पालाबाट स्कुलहरूमा पाठ्यक्रममार्फत पढाउन सुरु गरियो- शासकहरूको एकपक्षीय भक्तिगान । ती महेन्द्रपथीय ज्ञान कलिला बालबालिकाको मस्तिष्कसम्म 'महेन्द्रमाला' किताबमार्फत वितरण गरियो । बिहान प्रार्थना गर्दा 'श्रीमान् गम्भीर नेपाली..!' गीतबाट राजाको स्तुतिगान सुरु गरी दिनभर कक्षाकोठामा राजाकै भजनमण्डली पढाइन्थ्यो । त्यही 'महेन्द्रमाला' ले घोकाएको ज्ञानको पञ्चायती 'साइड इफेक्ट' अझै सकिएको छैन । पश्चिमा संस्कृति नेपालमा राणाकालीन समयमा नै आए पनि केक काटेर जन्मदिन मनाउने संस्कृति पञ्चायतमा भित्रियो । यसको सुरुआत राजा महेन्द्रले महेन्द्र पुलिस क्लबमा गएर केक काटेर गरेका थिए ।

### जन्मदिनको प्रतिगामी उत्सव

'बर्थ डे कल्चर' को यो पश्चगामी हुरीमा कतिपय क्रान्तिकारीहरूसमेत धागो चुँडिएको चङ्गाजस्तै उडेका छन् । कुहिरोमा हराएको कागजस्तै भएका छन् । अर्थात् निसास्सिएका छन् पुँजीवादको विकृत संस्कृतिको धुवाँभित्र । त्यसो त माओवादको सार परित्याग गरेको तर त्यो पदावलीको बदनाम गर्दै आएको 'माओवादी केन्द्र' का अध्यक्ष प्रचण्डले बर्थ डेको नक्कल ४ वर्षअगाडि पेरिसडाँडामा २३ औँ जनयुद्ध दिवसका सन्दर्भमा १० किलोको केक काटेर गरेका थिए । उनले केक मात्र काटेनन्, जनयुद्धका महान् सहिद एवम् बेपत्ता योद्धाहरू र जनता परिवारजनको मुटुमा अन्तिम छुरा चलाएका थिए । त्यो दिन प्रचण्डलाई शुभकामना दिन पेरिसडाँडाको चौरमा थुप्रै 'कमरेडहरू' हातमा पुष्पगुच्छा लिएर लामबद्ध उभिएका थिए । तत्कालीन प्रम केपी वलीले नेपालको नक्सा आकारको १५ किलोको केकमा छुरा चलाएर ' बर्थ डे सेलिब्रेसन' गरेका थिए । यो घटनालाई नयाँ पत्रिकाले 'कम्युनिस्ट प्रधानमन्त्रीको राजसी जन्मोत्सव' शीर्षकमा ब्यानर न्युज बनाएको थियो । वलीले ६ हजारभन्दा बढीलाई भोज खुवाई सात लाखभन्दा बढी खर्चको भुक्तानी नेपाल सरकारको ढुकुटीबाट गरेका थिए । तेह्रथुममा वलीको जन्मोत्सव मनाउन आठराई गाउँपालिकाले सार्वजनिक बिदा नै दिएको थियो । यो आधुनिकताका नाउँमा भित्रिएको पश्चिमा संस्कृतिको प्रतिगामी उत्सव थियो ।

### वैकल्पिक संस्कृतिको निर्माण

कम्युनिस्ट संस्कृति सिद्धान्ततः ती पुरातन संस्कृतिविरुद्ध लक्षित छ । अर्थात् यसको उद्देश्य पुरानो रूढिवादी चिन्तन र व्यवहारलाई परित्याग गर्दै नयाँ र उन्नत जनसंस्कृतिको निर्माण गर्ने रहेको छ । हामीलाई मालेमावादले हिन्दुवर्णाश्रम वा कुनै धार्मिक अन्धविश्वास र संस्कारबाट निर्देशित पुराना चिन्तन र संस्कृतिको परित्याग गर्न सिकाएको छ । विचारलाई जीवनव्यवहारमा प्रयोग गर्दै जाँदा वैकल्पिक संस्कृतिको निर्माण भएका छन् । २०११ सालमा लमजुङको दुराडाँडामा पण्डितहरूले 'हलो क्रान्ति' गरेपछि अन्य ब्राह्मणहरूले पनि हलो जोत्न सुरु गरेका थिए । हाम्रा लागि जनयुद्ध दिवस, सहिद सप्ताह, सांस्कृतिक बलिदान र प्रतिरोध दिवस, वीरता र बलिदानको रातो मसीले लेखिएका नेपाली पर्व हुन् । यी पर्वहरूमा धेरै रगत, आँसु र पसिना पोखिएका छन् । यहाँ वेगवान्

... बाँकी पृष्ठ ५ मा

## जन्मदिनको प्रतिगामी ....

संवेदना, भावना र विचारको सङ्गम छ । यी महान् पर्वहरू नयाँ सांस्कृतिक मूल्यबोधका उज्ज्वल विचार र प्रतीक हुन् । अहिले यसको संस्थागत विकास र विस्तार गर्दै जानु मालेमावादीहरूको दायित्व हो ।

### पार्टीभित्र 'लुकेका दुस्मन'

जन्मोत्सवको संस्कृति कम्युनिस्ट संस्कृति नै होइन अर्थात् श्रमिक वर्गको संस्कृति होइन । यो आधुनिकताका नाउँमा भित्रिएको विकृत, उपभोक्तावादी र पुँजीवादी संस्कृति हो । गरिब वर्गलाई यो संस्कृतिसित कुनै सरोकार छैन । उनीहरूलाई 'बर्थ डे' सेलिब्रेसनको इन्जोयसित के मतलब ? मतलब छ त साँझबिहानको छाकसित छ । जीवनको गुजारासित मतलब छ । यो सांस्कृतिक भूमण्डलीकरणका नाउँमा साम्राज्यवादको गरिबमारा संस्कृति हो । अर्थात् गरिब वर्गको मुक्तिसङ्घर्षलाई विषयान्तर गर्नका लागि साम्राज्यवादको वर्गस्वार्थद्वारा नियन्त्रित संस्कृति हो । त्यसैले कमरेड माओले कार्यकर्तालाई निर्देशन दिँदै भन्नुभयो, 'जन्मोत्सव नमनाउनू । जन्मोत्सव मनाएर दीर्घ जीवन हुने होइन । मुख्य कुरा आफ्नो वर्गनिष्ठामा प्रतिबद्ध रहनु र उनीहरूका पक्षमा जीवनपर्यन्त काम गर्नु हो ।' कम्युनिस्ट पार्टीभित्र पैदा हुने गलत संस्कृतिविरुद्ध माओले 'बुर्जुवा हेडक्वार्टरमा बम बर्साऊ' को नारासहित महान् सर्वहारा सांस्कृतिक अभियान चलाउनुभएको थियो । यसका ४ उद्देश्य थिए- विचार, संस्कृति, रीति र बानीबेहोरा बदल्नु । उहाँले पार्टीभित्र हुर्किएको गलत संस्कृतिलाई 'लुकेका दुस्मन' भन्नुभएको थियो । ती 'लुकेका दुस्मन' माथि प्रहार गर्नु नै महान् सर्वहारा सांस्कृतिक क्रान्तिको उद्देश्य थियो ।

### धर्म व्यक्तिगत मामिला होइन

यहाँ अर्को पनि तर्क छ, मार्क्स, एङ्गेल्स, लेनिन, माओ, पुष्पलालका जन्मदिन मनाउन हुने तर हामीले किन मनाउन नहुने ? आफूलाई उहाँहरूकै स्तरमा राखेर जन्मोत्सव मनाउन पाउने तर्कबारे थप बहस जरुरी छैन । यति मात्रै भनौँ, स्वयम माओले आफूलाई चिनियाँ कार्यकर्ताबीच मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिनबराबर राख्न प्रतिबन्ध लगाउनुभएको थियो र माओले उहाँहरूसितको आफ्नो सम्बन्ध 'गुरुचेलाको सम्बन्ध हो' भन्नुभएको थियो । नेपालमा त यो अझ हिन्दु धर्मसित जोडिएको छ । हिन्दु धर्मअनुसार जन्मोत्सवका दिन पितृलाई स्मरण गरेर पूजा गर्ने, पुराणमा वर्णित अष्ट चिरञ्जीवीहरूको पूजा गर्ने, नयाँ लुगा लगाउने, भोज खुवाउने, उपहार दिने, सम्भोग नगर्ने प्रचलनसमेत रहेको छ ।

कार्ल मार्क्सले धर्म गरिब वर्गलाई शोषण गर्ने सत्ताको हतियार भएको भन्दै यसलाई संस्कृतिबाट अलग गर्नुपर्ने बताउनुभएको थियो । उहाँले भन्नुभएको छ, 'धर्म उत्पीडित मानिसको सुस्केरा हो, हृदयविहीन संसारको हृदय हो, त्यसरी नै यो आत्मविहीन विश्वको आत्मा हो । यो जनताका लागि अफिम हो ।' (हेगेलको कानुन दर्शनको आलोचनामाथि योगदान, १८४४, दार्शनिक रचनाहरू, अनु. सुदर्शन, पृष्ठ ३४)

हिन्दु धर्म र संस्कृतिसित जोडिएको 'बर्थ डे' संस्कृति गलत संस्कृति हो । पार्टीभित्र धर्म र संस्कृतिलाई व्यक्तिगत मामिला मान्ने र त्यसको यान्त्रिक ढङ्गले विरोध गर्ने प्रवृत्तिविरुद्ध लेनिनले भन्नुभएको छ, 'कम्युनिस्ट पार्टीको सदस्यका लागि धर्म व्यक्तिगत मामिला होइन । ...हरेक किसिमका धार्मिक शोषणका विरुद्ध मजदुर वर्गले सङ्घर्ष गर्नुपर्छ र हाम्रो पार्टीका निम्ति वैचारिक सङ्घर्ष खालि एउटा व्यक्तिगत सवाल होइन, सम्पूर्ण पार्टीको, समस्त सर्वहारा वर्गको सवाल हो ।' (लेनिन, समाजवाद र धर्म, १९०५)

### पुछारमा

म फेरि पनि दोहोऱ्याउँछु- जन्मदिन सत्य हो तर जन्मोत्सव पूर्ण भ्रम हो । जन्मोत्सव गरेर कोही मान्छेको दीर्घायु हुँदैन । जन्मोत्सव संस्कृति कम्युनिस्ट संस्कृति होइन । जन्मोत्सव मनाएर सर्वहारा, श्रमजीवी वर्गको हित हुँदैन । जन्मोत्सव संस्कृतिले क्रान्तिको सेवा गर्दैन । जीवन मूल्यहरूमा परिवर्तन नगरी क्रान्ति हुँदैन । जन्मोत्सव संस्कृति पुँजीपति वर्गको सेवा गर्ने र श्रमिक वर्गको मुक्तिको उद्दाम सपनामाथि धावा बोल्ने परम्परा हो ।

# आजका कम्युनिस्ट र पठन संस्कृति


काजी गुरुङ

कम्युनिस्ट भन्नेबित्तिकै धेरै पढ्छन्, धेरै लेख्छन्, समाज र मानव जीवनको यथार्थलाई नजिकबाट नियाल्छन्, बढी सिर्जनशील हुन्छन्, आलोचनात्मक चेत राख्छन् । छलफल र बहसमा सहभागी हुन्छन् । जनतामा चेतना फैलाउँछन् । समग्रतामा भन्दा हरेक कम्युनिस्टको झोलामा किताब हुन्छ र हरेक कम्युनिस्ट आफैँमा एउटा लेखक हुन्छ भन्ने मान्यता स्थापित भएको छ जुन कुरा आजको सन्दर्भमा बिरलै भेटिएला ।

हुन पनि कम्युनिस्ट पार्टीको सामान्य कार्यकर्तादेखि नेतृत्व गर्ने पदाधिकारीसम्म हरेक सदस्यले अध्ययन संस्कृतिलाई आफ्नो र साङ्गठनिक जीवनको एउटा महत्वपूर्ण हिस्सा बनाएको पाइन्थ्यो । कुनै नयाँ कुरा भेट्नासाथ डायरी झिकेर टिपिहाल्ने, तर्कवितर्क गरिहाल्ने, दैनिक समीक्षामा जुटिहाल्ने, तल्लो सेलदेखि केन्द्रसम्म सबै विषयमा अपडेट भइहाल्ने कुराहरू त सामान्य दैनिकी नै हुने भइहाल्यो । यसका अलावा हरेक विधामा कलम चलाउने सदस्यहरूको समेत कमी हुने थिएन ।

आज संसदीय व्यवस्थामा रमाइरहेका धेरै नेताहरू कुनै समयका चर्चित आदर्शहरू थिए । ती नेताहरू कोही लेखक, कोही कवि, कोही गीतकार, कोही दार्शनिकका रूपमा परिचित थिए । आफ्नो औपचारिक शिक्षा जतिसुकै होस्, यसप्रकारको नियमित पठन संस्कृतिले राजनीतिक नेताका साथै थप परिचय बनेको थियो । एक-अर्काका कार्यदिशा र जीवनशैलीका विषयमा उठेका अन्तरविरोधहरूका समेत लेख, रचना, पुस्तक आदिमार्फत जबाफ माग्ने र दिने, आरोपहरूको खण्डन-मण्डन पनि बोली कम अक्षर बढी गरेर अगाडि बढ्ने प्रक्रिया अवलम्बन गर्ने गरेको पाइन्छ । तर आजको व्यवहार र अभ्यास हेर्दा के यी तिनै नेता हुन् ? के यस्ता पनि कम्युनिस्ट हुन्छन् ? भन्नेजस्ता अनगिन्ती प्रश्नहरूले घेरिरहेको अनुभूति हुन थालेको छ ।

सङ्घर्षको समयमा जनता र किताबसँगको सम्बन्धलाई एकाकार गरेर अगाडि बढेका कम्युनिस्टहरू सत्ता र शक्तिको आरोहणसँगै वैचारिक क्षयीकरणको दिशामा अगाडि बढे भन्ने जनआरोप र त्यसको प्रभाव स्वतः तल्ला सङ्गठन र नयाँ पुस्तासम्म पुगेको पाइन्छ । वस्तुले चेतनाको निर्माण गर्दछ भन्ने मान्यता राख्ने कम्युनिस्टहरू पुरानो सत्तासँग जोडिइसकेपछि अथवा छाडा पुँजीवादी प्रतिस्पर्धालाई अङ्गीकार गरिसकेपछि क्रमशः जालझेल र षड्यन्त्रको राजनीतिक भुमरीमा डुब्ने अनि रूपान्तरण, परिवर्तनको सवाललाई असम्भव र निरर्थक देख्ने गरेको यथार्थ हाम्रासामु यदाकदा छँदैछ भने अर्कातिर व्यवस्थाले उत्पन्न गरेको बाध्यात्मक परिस्थिति पनि हुनसक्ने भइहाल्यो । यसको मूल चरित्र नै भन्ने एउटा, गर्ने अर्को हुन्छ अथवा व्यवहार र सिद्धान्तको सन्तुलन हुँदैन ।

आजको अवस्थामा अध्ययन, अनुसन्धान गर्ने नेता-कार्यकर्ता सबै सकिइसके भन्ने आशय पक्कै पनि होइन तर हिजो र आजको अवस्थामा आकाशपाताल फरक भने भएको छ । संसदीय राजनीतिक प्रतिस्पर्धामा भएका कम्युनिस्ट भन्न मन पराउनेहरू होऊन् वा यसको विकल्पमा सङ्घर्षरत सानाठूला सबै प्रकारका कम्युनिस्ट शक्तिहरू होऊन्, चालू सन्दर्भलाई नै हेर्ने हो भने पनि हिजोको पठन संस्कृति हराएकै भेटिन्छ । हिजोभन्दा आजको विश्वको बदलिँदो परिवेश र आवश्यकताले पनि पठन संस्कृति बद्नुपर्ने हो यद्यपि त्यसको माध्यम वा स्वरूप फरक होला तर हिजोको कायम हुनु त कता हो कता झनै हराउँदै जाने कुरा त चिन्ताको विषय पो बन्दैछ । यो के कारणले भयो ? यसरी कम्युनिस्ट पार्टीको जीवन रहन सक्छ कि सक्दैन ? समाज रूपान्तरणको प्रक्रिया यही तौरतरिकाले अगाडि बढ्न सक्छ कि सक्दैन, बहस गर्नुपर्ने भएको छ ।

अहिले हाम्रो परिवेशको कुरा गर्दा सत्ता र सरकारको चाबी हातमा लिनेहरू समाजवादको गीत गाउने, दलाल पुँजीवादीहरूको खाने र सेवा गर्ने कार्यमा व्यस्त भएका छन् । कहिलेकहीँ मार्क्स वा अन्य कुनै राष्ट्रिय नेताको वार्षिकीमा प्रवचन दिने, ताली खाने र ताली बजाउनेभन्दा खासै उपलब्धि भएको छैन भन्दा पनि फरक नपर्ला । समाजवाद कसरी लागू गर्न सकिन्छ, समाजवादका प्रारम्भिक कार्यक्रमहरू कस्ता हुने, समाजवादमा नेता, कार्यकर्ता र जनताको आर्थिक जीवन कस्तो हुने, दलाल पुँजीवादसँग लड्ने हतियारहरू केके हुन्, राष्ट्रिय पुँजीको विकास कसरी गर्ने, वैदेशिक सहायता लिने कि नलिने, लिए पनि कुन क्षेत्रमा कसरी सदुपयोग गर्ने, अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई कसरी अगाडि बढाउने, समाजवादी जनमतलाई कसरी सङ्गठित गर्ने, समाजवादीहरूबीचको ध्रुवीकरण कसरी गर्ने भन्नेबारेमा सङ्गठनभित्र छलफल र बहसको कुरा त परै जाओस्, व्यवस्थित स्कुलिङ र सर्कुलरसमेत हुन छाडिसकेका गुनासाहरू सुन्न पाइन्छ ।

अहिले कम्युनिस्ट आवरणका संसद्वादी नेताहरू कसरी सत्ता प्राप्त गर्ने र जोगाउने, कसरी आफ्ना प्रतिस्पर्धीलाई सिध्याउने, कसरी एकले अर्कालाई तल्लो स्तरमा झरेर भए पनि खुइल्याउने, कसरी गुटको संरक्षण गर्ने, कुन विधि लगाएर आफ्नो निर्वाचन क्षेत्र र भोट सुनिश्चित गर्ने भन्नेमा छन् भने कार्यकर्ताहरू कसरी ठेक्कापट्टा आफ्नो भागमा पार्ने र सम्पत्ति कमाउने, कसरी नेतृत्वलाई खुसी पार्ने र आफ्नो राजनीतिक भविष्य सुनिश्चित गर्ने भन्नेमा तल्लीन छन् । राज्यसंयन्त्र र पार्टीका शक्तिशाली समितिमा हुने नियुक्तिहरूमा पनि नतावाद, अर्थवाद र अवसरवादले छपक्क छोपेको छ सरकारवादी र प्रतिपक्षी कम्युनिस्ट दुवैलाई ।

हिजो नेताहरूले आफ्नो सङ्घर्षको समयमा राजनीतिक, वैचारिक विकासका साथै नेतृत्वदायी भूमिका निर्वाह गरेको कुरा सत्य हो तर आज पनि उनीहरूकै भर परेर नयाँ आगन्तुक पुस्ताले परिवर्तन र रूपान्तरणमा ताजापन खोज्नु मूर्खताशिवाय अरू के हुन सक्छ ? संसद्भित्रका कम्युनिस्टको मात्र कुरा भएन, दलाल संसदीय व्यवस्थाको विकल्पका रूपमा नयाँ जनवाद वा वैज्ञानिक समाजवादका लागि आन्दोलनरत शक्तिहरूमा पनि हिजोको जस्तो लोभलाग्दो अध्ययन संस्कृति रहेको पाइँदैन । अध्ययन गर्ने, कार्यदिशालाई समृद्ध गर्ने, नयाँनयाँ विषयको खोजी गर्ने जिम्मा नेतृत्वको मात्रै भएजसरी सुती बस्ने, हल्लाको पछाडि दौडने, सामाजिक सञ्जालमार्फत धारणा निर्माण गर्ने, तर्क र तथ्यको नजिक नपुग्नेजस्ता समस्याहरू जीवितै छन् । यसले कम्युनिस्ट आन्दोलनमा नै उत्तराधिकारी निर्माणका सन्दर्भमा अवरोध हुने त होइन भन्ने चिन्ताको विषय बनेको छ ।

हामी पढ्ने कम, बोल्ने बढी भएका छौँ । हामी गफ ठूला गर्ने तर परिणाम दिन नसक्ने भएका छौँ । हामी दिनदिनको भाषणमा मौखिक आरोप-प्रत्यारोप गर्ने भएका छौँ । हामी बिस्तारै छलफल, बहस गर्ने संस्कृतितिर होइन, निषेध गर्ने र धारे हात लगाउने संस्कृतितिर उद्यत भइराखेका छौँ । के नयाँ पुस्ता र युवा भनिनेहरू पनि यो संस्कृतिबाट ग्रसित छैनन् त ? प्रश्न आफैँतिर सोझ्याउनुपर्ने भएको छ ।

हामी धेरै सम्पत्तिको निश्चित व्यक्ति र स्थानमा केन्द्रीकरण हुने पुँजीवादलाई विकास देख्ने तर सामूहिकता र समाजवादमा अविश्वास गर्नेजस्ता भएका छौँ । हामी सिर्जनशीलतातिर कम र अन्धानुकरणतिर बढी जोड गर्ने भएका छौँ । पञ्चायतकालीन समय होस् वा जनयुद्धकालीन समय, नेता-कार्यकर्ताको गिरफ्तारीमा प्रशासनले किताबका खात फेला पार्दथे अरे । तर आज परिवेश बदलिएको छ । सत्तामा हुनेहरूसँग के किताब हुन्थ्यो, उनीहरूसँग त सरुवाबढुवाकै कागज, मोलमोलाइकै फाइल हुने भइहाले, क्रान्तिकारीहरूसँग पनि किताब सायदै भेटिन्छन् होला ।

यसरी कम्युनिस्टहरूमा पठन संस्कृति हराउँदै गएको कुरा नस्वीकार्ने त कमै होलान्, यसका अलावा कम्युनिस्ट ब्राण्डमय वस्तुस्थिति भएको सन्दर्भमा पनि अलि मार्क्सवादप्रति अध्ययनको रुचि राख्ने कार्यकर्ताले समेत काङ्ग्रेसका प्रदीप गिरी नै खोज्नुपर्ने बाध्यता कहिलेसम्म ? अथवा निश्चित कम्युनिस्ट नेताहरूको अध्ययनको भरमा मात्र आन्दोलनलाई थेग्ने कहिलेसम्म ?

अन्त्यमा पुँजीवादीहरूले आफ्नो राजनीतिक कार्यक्रमलाई, संस्कृतिलाई, उत्पादित बस्तुहरूलाई, विभिन्न स्वरूपमा परीक्षण र प्रयोग गरी बजारीकरण गर्दै आफ्ना पाठशालाहरूलाई मजबुद बनाई जनताको दिमागमा पुँजीवादी विकार भरिरहँदा समाजवादी कम्युनिस्टहरूले आफ्नो पाठशालालाई धारिलो र बलियो बनाएर हिजोको अध्ययन संस्कृतिलाई अझै फराकिलो बनाउँदै शक्तिशाली वैचारिक हतियार निर्माण गर्नुको विकल्प छैन । बलियो वैचारिक अस्त्र र सन्तुलित व्यवहारले मात्र पुँजीवादसँग प्रतिस्पर्धा गरी विजय हासिल गर्न सकिन्छ ।

# औद्योगिक मजदुरहरू सङ्गठित

**चितवन ।**

अखिल नेपाल क्रान्तिकारी औद्योगिक मजदुर सङ्घ चितवनको धर्मचोक लङ्कु एकाइ भेला सम्पन्न भएको छ । भेलाले लक्ष्मी सुवेदीको अध्यक्षतामा ११ सदस्यीय मूल एकाइ समिति गठन गरेको छ ।

भेलाका प्रमुख अतिथि नेकपा विशेष समिति सदस्य ध्रुवले नेपाल सरकार र मजदुरबीचको सहमतिअनुसार मजदुरले सेवासुविधा नपाएको, श्रमऐन लागू गर्न मालिकहरू तयार नभएकाले अब आन्दोलनमा जानुबाहेक मजदुरको अर्को विकल्प नरहेको बताए ।

भेलामा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका चितवन संयोजक ओम लामिछानेले पनि मन्तव्य राखेका थिए । भेलाको अध्यक्षता देवी भुजेलले गरेका थिए ।

# श्रमिक समुदाय मोर्चा नवलपुरले मागयो वैज्ञानिक समाजवाद

**भानु चापागाईं**/नवलपुर

श्रमिक समुदाय मोर्चा नेपाल नवलपुरको बैठकले वैज्ञानिक समाजवादले मात्र उत्पीडित समुदायको भलाइ गर्ने भएकाले त्यही व्यवस्था स्थापना गर्न लागिपर्ने निर्णय गरेको छ ।

नवलपुरको मध्यबिन्दु नगरपालिका ९ मा मोर्चाका जिल्ला संयोजक रणबहादुर विकको अध्यक्षतामा बसेको चौथो बैठकमा नेपाल कम्युनिस्ट पार्टी नवलपुरका सेक्रेटरी शीतलको प्रमुख आतिथ्य र श्रमिक समुदाय मोर्चाका लुम्बिनी संयोजक टीकाराम विकको विशेष आतिथ्य रहेको थियो ।

कार्यक्रमका वक्ताहरूले सामन्ती राज्यसत्ताबाट हेपिएका दलित समुदायको उत्थान बुर्जुवा संसदीय व्यवस्थाले गर्न नसक्ने भन्दै शोषित, पीडित तथा दलित समुदायको मुक्तिका लागि वैज्ञानिक समाजवाद अपरिहार्य रहेको बताएका थिए ।

# जनगणतान्त्रिक सम्पर्क मञ्चको राष्ट्रिय सम्मेलन स्थगित

**काठमाडौँ ।**

नेकपा निकट जनगणतान्त्रिक सम्पर्क मञ्चको तेस्रो राष्ट्रिय सम्मेलन कोरोना भाइरस सङ्क्रमणको प्रकोपका कारण स्थगित भएको छ । मञ्चका अध्यक्ष रत्न मगरले विज्ञप्ति जारी गरी कोरोनाको प्रकोपका कारण सम्मेलन स्थगन गरिएको सूचना सार्वजनिक गरेका हुन् । मञ्चको तेस्रो राष्ट्रिय सम्मेलन यही माघको ८ र ९ गतेका लागि तय गरिएको थियो ।

अध्यक्ष रत्न मगरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'हाम्रो जनप्रिय सङ्गठन जनगणतान्त्रिक सम्पर्क मञ्चको ऐतिहासिक तेस्रो राष्ट्रिय सम्मेलन यही २०७८ माघ ८ र ९ गते काठमाडौँमा सम्पन्न गर्ने निर्णयसहित ऐतिहासिक तेस्रो राष्ट्रिय सम्मेलनको सम्पूर्ण तयारी पूरा भैसकेको सन्दर्भमा अहिले विश्वभर र नेपालमा पनि कोभिड १९ (ओमिक्रोन) ले जनताको स्वास्थ्य अवस्थामा गम्भीर असर पारिरहेको सन्दर्भले गर्दा हाललाई हाम्रो जनप्रिय सङ्गठन जनगणतान्त्रिक सम्पर्क मञ्चको ऐतिहासिक तेस्रो राष्ट्रिय सम्मेलन स्थगित गरिएको यसै विज्ञप्तिमार्फत जानकारी गराइन्छ । साथै कोभिड १९ (ओमिक्रोन) को अवस्था सरल भएपछि हाल स्थगित गरिएको ऐतिहासिक तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गरिने बेहोरा अनुरोध छ ।'

# जनक्रान्तिको मैदानबाट छोरालाई चिट्ठी


पूर्णीमा धामी

प्रिय छोरा हार्दिक
न्यानो मायासहित मीठो सम्झना ।

म यता आरामै छु । त्यता तिमी पनि आरामै हौला भन्ने आशा लिएकी छु । छोरा हार्दिक यो पुसमाघको चिसोमा पनि तिमीसँगै रहन नपाउँदा मलाई निकै दुःख लागिरहेको छ । यस्तो बेलामा आमाको न्यानो काख नपाउँदा तिमीलाई झन् नराम्रो लाग्नु स्वाभाविकै हो छोरा । तर के गर्नु, समय र परिस्थिति यस्तै छ । यो देशमा दलालहरूको राज छ । आज तिमीजस्ता लाखौँ बलबच्चाहरू आमाबाबुको न्यानो काख र मायाबाट वञ्चित भएका छन् । कोही रोजगारीको सिलसिमा विदेश गएर बिछोडिएका छन् भने कोही क्रान्तिको दौरानमा वञ्चित भएका छन् । बाबु हार्दिक, तिम्रो र मेरो बिछोड कुनै व्यक्तिगत स्वार्थमा नभई देश र जनताको मुक्तिका निम्ति भएको छ । तिमीले जन्मँदै कठिन सङ्घर्ष गर्नुपरेको छ । कैयौँ कुपोषण र अभावको सामना गर्नुपरेको छ । तर पनि तिमी सौभाग्यशली छौ छोरा किनकि तिमी पार्टी कार्यालयमै जन्मियौ र अहिले पनि पार्टी र क्रान्तिकै आन्दोलनमा जनताको बीचमा छौ । सानो उमेरदेखि नै दलाल सत्ता र पुँजीवादी संसार बुझ्ने मौका पाएका छौ । कहिले ग्रामीण जीवन त कहिले सहरिया उत्पीडन पनि भोगेका छौ । कहिले आमा गिरफ्तार हुँदा काठमाडौँका पुलिस हिरासत, सर्वोच्च अदालतको कठघरा हुँदै कैलालीसम्मका पुलिस हिरासत र अदालत धाएका छौ भने कहिले तिम्रो बुबा गिरफ्तार हुँदा दर्जनौँ जिल्लाका अड्डा अदालत र पुलिस कार्यालय पुगेका छौ । कैयौँ रात र दिन तिमीले एक्लै पनि बिताएका छौ । अहिले पनि तिम्रा बाबा दलाल सामाजिक फासिवादी सत्ताको जेलमा हुनुहुन्छ भने म एकीकृत जनक्रान्तिको मैदानमा छु । छ वर्षको उमेरमा तिमीले यति धेरै सङ्घर्ष गर्नु पनि देश र जनताका लागि ठूलो गर्वको कुरा हो छोरा । अहिले तिमीसँगैका दौँतरीहरू सहरका महँगा बोर्डिङ स्कुलमा पढिरहेको बेला तिमी भने जनताकै बीचमा दुर्गम गाउँको सरकारी स्कुलमा पढिरहेका छौ । हामीभन्दा धेरै माया गर्ने आमा, बाबु, दाजु, भाइ तथा दिदी-बहिनी पाएका छौ । यो पनि तिम्रा बुबाआमाका निम्ति ठूलो आदर्श र गौरवको कुरा हो । यो कुनै देखावटी नभएर तिम्रा बुबाआमाको क्रान्तिकारी स्पिरिट र कम्युनिस्ट जीवनशैलीको परिणाम हो ।

छोरा हार्दिक, अहिले देशमा क्रान्ति र प्रतिक्रान्तिको भीषण टकराव चलेको छ । तिम्रा बुबा क्रान्तिको दौरानमा दुस्मनको कालकोठरीमा कठोर सङ्घर्ष गरिरहनु भएको छ भने म क्रान्तिको रणमैदानबाट दुस्मनलाई हाँक दिइरहेकी छु । यो देशमा अब छिट्टै जनताको स्वराज आउँदैछ । तिमीजस्ता लाखौँलाख बच्चाहरूले कहिल्यै पनि आमाबाबुको न्यानो मायाबाट वञ्चित हुनु नपर्ने व्यवस्था वैज्ञानिक समाजवाद आउँदैछ । तिमीले विप्लव ठूलो बुबाको सेनाले हाम्रो बाबालाई छुटाउँछ भनेझैँ अब जनमुक्ति सेनाको फर्मेसनसहित जनक्रान्तिको लहर गाउँ-सहर चल्दैछ । दलाल सामाजिक फासिवादी सत्ताका विरुद्ध चौतर्फी क्रान्तिको ज्वारभाटा उठ्दैछ । मजदुर, किसान र सहरिया मध्यम वर्ग एकीकृत जनक्रान्तिको वरिपरि गोलबन्द हुँदै गएको छ । हो छोरा, तिम्रो यो बालो उमेरमा धेरै इच्छा र चाहना होलान् । अरूका बुबाआमा सँगै भएको देख्दा तिम्रो मन पनि छियाछिया हुन्छ होला । तर छोरा तिमी महान् छौ र धेरै कुरा बुझेका छौ । बुबाआमाको क्रान्तिकारी लक्ष्य र जीवनलाई पनि बुझेका छौ । त्यसैले छोरा हार्दिक, तिमी कहिल्यै पनि निरास नहुनु र दुःखी पनि नहुनू । मेरो मुटुको टुक्रा, तिमीलाई भेट्न म छिट्टै आउनेछु ।

उही तिम्रो माया गर्ने आमा पूर्णिमा
२०७७ माघ २२ गते बुधबार (अन्जान बस्तीबाट)

(**केपी वली-प्रचण्ड सरकारले नेकपामाथि प्रतिबन्ध लगाएको समयको चिठी**)

रिपोर्ताज

# एक धूमिल बिहानमा महासचिव कमरेडसँग

## निदाएर देखिने सपना होइन, सपना त ती हुन् जसले निदाउन दिँदैनन्



अशोक सुवेदी

'तपाईंहरू आउँदै गरेको कुरा बिहान मात्र थाहा भयो । त्यस्तो विशेष परिस्थिति निर्माण भएको कुनै अनुभूति गर्नुभएको छ कि ?', महासचिव कमरेड विप्लवले राष्ट्रिय राजनीतितर्फ इङ्गित गर्दै भन्नुभयो, 'तराईमा हुस्सु बढेको छ । दलाल पुँजीवादी सत्तामा पनि यस्तै, योभन्दा बाक्लो हुस्सु छ ।'

तराईको हुस्सुको प्रभाव हटाउन हामी एकापसमा भलाकुसारी गर्दै काठका मुढा जोतिरहेका थियौँ अगेनामा । दलाल संसद्वादी व्यवस्थाको बाक्लो हुस्सु हटाउन महासचिव कमरेड क्रान्तिको दस्ताबेज तयार पारिरहनुभएको थियो । मेरो साथमा एकातिर महासचिवसहित पार्टी एचक्यूका असल, विजयलगायत कमरेडहरू र अर्कोतिर जनपत्रकार सङ्गठन लुम्बिनीका अध्यक्ष दीपेश बिष्ट र कोषाध्यक्ष मुक्ति गैरे हुनुहुन्छ यतिबेला । हामी आज कपिलवस्तुको शिवराजमा छौँ । माघेहुस्सुले धूमिल बनाइरहेको बिहानमा महासचिव कमरेडसँगको भेटघाट र छलफलले ऊर्जा दिइरहेको छ । हाम्रो छलफलको चाप थेग्न नसकेर हुस्सु भागिरहेभैँ लाग्छ । अर्को अर्थमा हुस्सु अर्थात् दलाल पुँजीवादी सत्ता । १४ असोजमा चितवनमा सम्पन्न पार्टीकेन्द्रको विशेष प्रशिक्षण भेलामा महासचिव कमरेडको उद्घोष थियो- आदर्श, विचार, राजनीति, व्यवहार, उत्पादन सँगसँगै । उत्पादनमा सहभागी नभएको कम्युनिस्टले क्रान्ति गर्न सक्तैन । पुरानोलाई गाली मात्र गरेर खाने संस्कार अन्त्य गरौँ । उत्पादन बढाऔँ । कम्युनिस्ट पार्टी सबै समस्याको समाधान हो, समस्या होइन भन्ने महासचिव कमरेडको चितवन उद्घोषले मलाई थप उद्वेलित र उत्प्रेरित बनाएको थियो । उहाँले सबै नेता-कार्यकर्ता श्रममा जानुपर्छ, व्यापार र उद्योगमा सहभागी हुनुपर्छ, कृषिलाई माथि उठाउनुपर्छ, श्रम नगर्ने, अनुत्तरदायी हुने संस्कार अन्त्य गर्नुपर्छ भन्नुभएको थियो । यसको व्यावहारिक पाटो हेर्ने भित्री इच्छा पनि पूरा हुँदै थियो मेरो ।

हामी तीन पत्रकार सँगै थियौँ अस्ति बिहानसम्म पाल्पाको तानसेनमा पनि । त्यहीँ सल्लाह गरेथ्यौँ कपिलवस्तुयात्राको । त्यहाँ ३१ जना क्रान्तिकारी योद्धा पत्रकार तयार पारेर तल झरेका हौँ हामी । दीपेशजी सङ्गठनको कामले एक दिनअघि बुटवल झर्नुभयो । कमरेड मुक्ति र म नेपाल पत्रकार महासङ्घ पाल्पाको कार्यालयको इन्टरनेट र कम्प्युटर प्रयोग गरेर रातो खबर साप्ताहिकको यो अङ्क प्रकाशन व्यवस्था मिलाई हिजो अर्थात् माघ चार गते बुधबार बुटवल झरेपछि सँगसँगै शिवराज नगरपालिकातिर सोझिएका थियौँ ।

हिजो साँझ पार्टी केन्द्रीय सदस्य एवम् नमुना निर्माण हेरिरहनुभएका कमरेड सञ्जीव र सहयोद्धा सङ्घर्ष (योद्धा) का पाहुना बन्यौँ तीनैजना । आज बिहान महासचिव कमरेडको संरक्षकत्व र कमरेड सञ्जीवको रेखदेखमा निर्माणाधीन जनसङ्ग्रहालय, पार्टी कार्यालय, पार्टी शीर्ष कमरेडहरूको निवास, सेमिनार र बैठक कक्ष, उद्यान, प्राकृतिक माछापोखरीलगायत संरचना अवलोकन गर्दै महासचिव कमरेडसँग भेटघाटका लागि उहाँको अस्थायी निवासमा पुगेका छौँ । रूपमा केही नदेखिए पनि सारमा यो महत्वपूर्ण भेटघाट र वैचारिक छलफलको संयोग हो । यसका लागि पार्टी एचक्यूका सबै कमरेडहरू धन्यवादका पात्र हुनुहुन्छ ।

शिवगढीका पुराना बासिन्दा तराईका भूमिपुत्र, आदिवासी थारू समुदायका कमरेड खुसी जनयुद्धकालमा आफूले कसरी कमरेडहरूलाई फासिवादी शाही सत्ताको मुखबाट बचाएँ भन्ने इतिहास सुनाउँदैछन् त्यहाँ पुग्ने हामीजस्ता नयाँ पाहुनालाई । महासचिव कमरेडले डगडग कामिरहेका खुसीलाई पनि अगेनानजिकै बस्ने व्यवस्था मिलाइदिनुभएको छ ।

'यहाँ आइपुग्न धेरै समस्या त झेल्नु परेन नि ?', जनशैलीमा महासचिव कमरेडले राखेको जिज्ञासा टुङ्गिन नपाउँदै वातावरण सहज बनाएर मैले थपिहालेँ- त्यस्तो कुनै समस्या परेन कमरेड । केन्द्रीय सदस्य कमरेड सञ्जीव सम्पर्कमै हुनुहुन्थ्यो । उहाँलाई पछ्याउँदै सजिलै आइपुग्यौँ । पाल्पामा जनपत्रकार सङ्गठनको तीनदिने तालिम सकिएपछि पार्टी केन्द्रको नमुना निर्माण अवलोकनको अधुरो इच्छा पूरा गर्न यता झरेका हौँ । यही अवसर पारेर महासचिव कमरेडसँगको भेट महत्वपूर्ण र ऐतिहासिक हुने ठानेर हो कमरेड, त्यस्तो अन्य विशेष परिस्थिति केही छैन । एकडेढ महिनाभित्रै तीनवटा बैठक महासचिव कमरेडकै प्रमुख आतिथ्यमा बसिसकेका छौँ...पार्टी केन्द्रीय प्रकाशन र सांस्कृतिक आन्दोलनका विषयमा महासचिव आफैँ विज्ञ हुनुहुन्छ । बरु केही नयाँ निर्देशन छ भने पाऊँ... ।

अँगेनामा अलि बल्ने दाउरा थप्दै र आधाआधी बलिसकेको पुरानो दाउरो ठोस्दै महासचिवले भन्नुभयो, 'कोरोनाले गतिविधि अलि प्रभावित पार्लाजस्तो छ । तर पनि धेरै दिन कुर्न सकिने अवस्था छैन । मुलुकको परिस्थित थप जटिल बन्दै गएको छ...।' दाउराजस्तै परिस्थिति पनि ठोस्नुपर्नेतर्फ महासचिव कमरेडको सङ्केत थियो । दलाल पुँजीवादका मतियारहरूले नेकपासँग भएको तीनबुँदे सहमतिलाई अटेर गर्दै स्थानीय निकायको निर्वाचन गर्ने सहमति गरेको भर्खरै सार्वजनिक भएको थियो । हाम्रो सामूहिक चासो यतातिर थियो । केही पूर्वसहकर्मी र मित्रहरू धैर्य तोडेर कोही वैद्य र कोही आहुती समूहतिर ढुन्मुनिँदै थिए । कोही भने फेरि प्रचण्ड समूह अर्थात् दलाल पुँजीवादमै मुख जोतिरहेका थिए । यिनै बीभत्स दृश्यहरूबीच हामी महासचिवनिकट पुगेका थियौँ । राजनीतिकर्मी-संस्कृतिकर्मी-सञ्चारकर्मीका नाताले महासचिव कमरेडसँग यी विषयमा छलफल नहुने कुरै भएन ।

पार्टी केन्द्रीय समितिको बैठक र देशभर चलिरहेको सङ्गठन सुदृढीकरण अभियानप्रति पनि लक्षित थियो महासचिवको भनाइ । सत्ताको दुरुपयोग गरिरहेका दलाल पुँजीवादका भद्दा चाकरहरू जाडो भगाउन जनताको रगतपसिनाबाट जम्मा भएको करमा तर मारिरहेका थिए तर सिङ्गो जीवन क्रान्तिमा लगाएर कुनै सत्तास्वादमा नलोभिएका क्रान्तिका आशालाग्दा अगुवा जनताको बस्तीमा क्रान्तिको दस्ताबेज तयार पार्दै, सिँगाने शिशुहरू स्याहार्दै र उनीहरूमा देशको भविष्य खोज्दै भनिरहनुभएको थियो- अब यो अन्योल धेरै लामो समय जाँदैन । दलाल पुँजीवाद अब डुङ्डुङ्ती गनाउने गरी गलिसकेको छ...।

महासचिवको सङ्केत दलाल संसदीय चुनावको विकल्पमा पार्टीले अघि सारेको जनमतसङ्ग्रहको चुनावतर्फ पनि लक्षित थियो । सत्ता साझेदार पाँच संसद्वादी समूहले आगामी वैशाखमै स्थानीय निकायको चुनाव गराउने सहमति निकालेको सन्दर्भमा हामी अनौपचारिक छलफल गरिरहेका थियौँ ।

जनताले हाम्रो निर्णय र कार्यक्रमको प्रतीक्षा गरिरहेको छ कमरेड, दलालहरू त यो व्यवस्थालाई अन्तिम टेको लगाउन चुनावको ध्वाँस दिइरहेका छन्- सत्ता घटक पाँच समूहको निर्णयतर्फ सङ्केत गर्दै मैले विषय उठाएको थिएँ । 'तिनको त्यो दिवास्वप्न हो'- पार्टीसँग गरेको सहमति कार्यान्वयन नगरी चुनाव घोषणा गरे भने सकिनेतर्फ सङ्केत गर्दै महासचिव कमरेडले साङ्केतिक रूपमा भनिसक्नुभएको थियो- दलाल पुँजीवादी सत्तास्वार्थकै टकरावमा उनीहरू मिल्नेतिर होइन, सकिने दिशातिर अग्रसर छन् ।

समयका बारेमा जानकारी लिइसकेपछि महासचिव कमरेडले भन्नुभयो, लः उसो भए सबैले खेतबारीमा गएर श्रम गर्नुपर्छ है...।

हुन्छ, हामी त तयार भएरै आएका हौँ- आगन्तुक टिमको नेतृत्व गर्दै मैले भनेँ ।

यतिबेला खेतबारीमा श्रम गर्ने ठाउँ बाँकी थिएन अर्थात् कतै गहुँ बयेलि खेलिरहेको थियो, कतै तोरी फुलिरहेको थियो । लसुन, प्याज, मुसुरो केही न केहीले जमिन हराभरा देखिइरहेको थियो । बङ्गुर, हाँस र कुखुरालाई दाना-चारा हाल्ने काम मात्र देखिन्थ्यो अघिल्तिर । त्यही कामको भाग एचक्यूका कमरेडहरूलाई नपुगिरहेभैँ देखिन्थ्यो ।

'हामी त एक छिन पनि खाली बस्दैनौँ, श्रमबाट कटेको जीवन निर्जीव हुन्छ भन्ने महासचिव कमरेडको सुझाव र निर्देश छ', पार्टी हेडक्वार्टरका सचिव कमरेड असल आफूहरूको दैनिकी सुनाइरहनुभएको थियो, ' यही श्रम र उत्पादनका कारण हामी प्रतिबन्धको कठोर समयमा पनि जनताका बीच वैचारिक बहस र उत्पादनमै रमाएर बाँच्यौँ ।'

महासचिव कमरेडले उत्पादनमा जोड दिइरहेको र आफैँ श्रममा खटिएर हातमा ठेला उठाएका विषय भर्खरै चर्चामा आइरहेका थिए । यो त अनिवार्य श्रम र समयको सदुपयोग गर्ने विषय हो- उहाँ भनिरहनुभएको थियो- विचार, राजनीति र व्यवहार अर्थात् श्रमलाई एकअर्काबाट कटाउनु हुँदैन ।

ल हुन्छ, हामी त श्रमका लागि तयार नै छौँ- मैले भनेँ ।

कमरेडहरू आगो ताप्दै तातोपानी पिउनुस् । त्यसपछि हामी खेततिर जाउँला...उहाँ आफैँ अघि सरेर तातोपानीको प्रबन्ध गर्नुभएको थियो ।

त्यसपछि हामी उत्पादनस्थलतिर लागेका थियौँ महासचिव कमरेडको नेतृत्वमा । यो तराईको कम्युन थियो । महान् जनयुद्धको कम्युनको हाडखोरसमेत पचाइसकेका थिए जनयुद्धको उपलब्धि र सपना विघटन गराउने वर्तमान सत्ताधारीहरूले । त्यसैले कम्युन नयाँ पुस्ताका लागि अध्ययन सामग्री बनिरहेको महसुस भयो मलाई । सामूहिकतामा रमाउने वाचा गर्दै रगतको ल्याप्चे लगाएर पार्टी सदस्यता लिएका कम्युनिस्टहरू वर्गस्वार्थ र सत्तास्वार्थमा टकराएर चूणचूर्ण बनिरहेको समयमा महासचिवकै नेतृत्व र संरक्षकत्वमा कपिलवस्तुलगायत देशभर जारी सामूहिक उत्पादन र नमुना निर्माण खोज-अनुसन्धान र अनुकरणको रहरलाग्दो विषय बनेको थियो ।

केन्द्रीय कार्यालयका कमरेड सगरमाथा हुस्सुले आलु बिगार्न लाग्यो भन्दै औषधी सिँचन गरिरहेका थिए ।

'यसरी अलि माथिबाट सर्र फोहोरा बनाएर छर्कनुस् त औषधी...', महासचिव आफैँ औषधी सिञ्चन गर्न सिकाइरहनुभएको थियो कमरेड सगरमाथालाई ।

आलुलाई हुस्सुले बिगार्ने चिन्ता र मुलुकलाई दलाल पुँजीवादले बिगारिरहेको चिन्ता एकैसाथ गरिरहनुभएको थियो महासचिव । सुब्बा कृष्णलालले देश र जनता खाने धमिराजस्ता निरङ्कुश राणा शासकहरूलाई मकैमा लाग्ने राता र काला टाउके कीराको संज्ञा दिएजस्तै र कमरेड सगरमाथाले छेकेको विषादीले आलु बिगार्ने कीरा मार्न कीटनाशक विषादी हालेजस्तै यो दलाल पुँजीवाद नास्ने विषादी एकीकृत जनक्रान्तिले सिँचिरहेको थियो ।

हामी महासचिव कमरेडलाई पछ्याउँदै कमरेडहरूको श्रम पोखिएको खेतबारीतिर लागिरहेका थियौँ डिलैडिल ।

'यी हाँस, यो माछापोखरी, यो गहुँ, यो तोरी, यो लसुन र प्याज...', आफ्नै पौरखमा पार्टीको हेडक्वार्टरले गरेको उब्जनी देखाउँदै महासचिवले भन्नुभयो, 'हेडक्वार्टर उत्पादनले आत्मनिर्भर बनिसकेको छ । पार्टीको उत्पादन नीति यही गतिमा अघि बढ्दा कुनै पनि पूर्णकालीन कार्यकर्ताले पेट भर्नका लागि हात पसार्नु पर्दैन । योसँगै एकीकृत जनक्रान्तिको सफलता गाँसिएको छ ।'

यो हाम्रा लागि पनि निर्देश थियो । रातो खबर र जनपत्रकारको टोली मिलाएर श्रममा सहभागी बन्नेछौँ- मैले महासचिव कमरेडसँग प्रतिबद्धता व्यक्त गरेँ- एक महिनाका लागि तयारी गरौँ कि पन्ध्र दिनको ?

अहिले त्यति लामो श्रम आवश्यक पर्दैन, तपाईंहरू एक साताको तयारी गर्नुहोला । हेडक्वार्टरबाट खबर आउनेछ- महासचिवको यो सन्देशपछि मैले 'हुन्छ नि ?' भनेर सहयात्री दीपेश र मुक्ति कमरेडसँग सहमति लिएँ । उहाँहरूले 'हुन्छ' को भाव देखाउनुभएपछि हामीले एचक्यूको सन्देशको प्रतीक्षामा रहने प्रतिक्रिया दियौँ । मैले थपेँ- हाम्रो हातमा कोदालो, कुटोलगायत औजारका साथै इन्टरनेट र कम्प्युटर पनि आवश्यक छ कमरेड, अनलाइन र पत्रिका त सँगसँगै जानुपर्छ, रोक्न मिल्दैन...।

त्यसको उचित प्रबन्ध मिलाइनेछ- महासचिव कमरेडले आश्वस्त पार्नुभयो ।

एउटा हातमा ल्यापटप, अर्को हातमा कुटो-कोदालो...एकीकृत जनक्रान्तिको एउटा स्वरूप हो यो- म मनमनै कल्पना गर्दै थिएँ, माओले बुद्धिजीवीहरूलाई खेतखलिहानमा र किसान मजदुर हरूलाई विश्वविद्यालयमा लग्न भन्नुभएको यही कारणले होला ! पार्टी एचक्यूका सचिव एवम् पार्टी केन्द्रीय सदस्य असलले थप्नुभयो- राज्यको कठोर प्रतिबन्धमा पनि केन्द्रीय कार्यालयको टिमले आफ्ना लागि आफैँ श्रम गरेर उत्पादन गऱ्यो । हामीले कहिल्यै मागेनौँ । आफ्नै पौरखले बाँच्यौँ हामी । कुनै दिन भोकै बस्नु परेन ।

उहाँ हामीलाई पनि श्रमप्रति थप आकर्षित गराइरहनुभएको छ भन्ने सहजै बुझ्न सकिन्थ्यो ।





कमरेड सुन्दरले भन्नुभयो- हामी आफूले उब्जाएर खाँदा पनि बढी भएको केही क्विन्टल अदुवाको बजार खोजिरहेका छौँ ।

'कमरेड असल, पत्रकार कमरेडहरूलाई माथिल्लो र पल्लो खेतबारीको उत्पादन पनि देखाइदिनुस् त', काउलीको पातमा लागेको 'लाई' कोट्याएर फाल्दै महासचिव कमरेडले भन्नुभयो । महासचिवको निर्देशन भुइँमा खस्न नपाउँदै कमरेड असल नेतृत्वको हाम्रो टोली एचक्यूले गरेको थप उत्पादन हेर्न अगाडि बढ्यो- यो गहुँभित्रको मुसुरो, यो रहर, यो मौलाएर कालो देखिएको गहुँदेखि आँखाले भ्याएसम्मको सबैभन्दा परको तोरीसम्मको उत्पादन हामीले गरेका हौँ । हामीले अरू पनि केही जमिन थपेका छौँ उत्पादनका लागि । कुनै किनिएको छ, कुनै लिजमा । मौसमले धोका दिएन भने हामी बजारमा बिक्रीका लागि पनि लग्न सक्ने हुन्छौँ अर्को सालदेखि- असलले उत्पादनतिर औँल्याउँदै भन्नुभयो, गत साल फागुनमा पार्टीमाथिको प्रतिबन्ध हटेपछि यो बाँझो जमिन फुटाइएको हो । त्यसपछिका करिब ११ महिनामा हामीले यो जमिनलाई खेर जान दिएका छैनौँ । दर्शन, सिद्धान्त र राजनीतिमा जस्तै श्रमको नेतृत्व पनि महासचिव कमरेड आफैँले गर्नुहुन्छ - कमरेड असलले प्रस्ट्याउनुभयो ।

गत साल फागुन २१ गते पार्टीमाथिको प्रतिबन्ध फुकुवा भएपछि मात्र करिब चार बिघा जमिनमा पार्टी हेडक्वार्टरमा रहेका केही केन्द्रीय सदस्यसहितको ३९ जनाको समूहलाई दाल, चामल, तरकारी, माछा, मासु, सागपात तेललगायत केही किन्नु परेको छैन । खेतमा झाङ्गिँदै गरेको गहुँ देखाउँदै महासचिवले भन्नुभयो- यो गहुँ उठ्दैन कि भन्ने लागेको थियो तर झाङ्गिएर खेतको गरो ढाकिसक्न लागेछ ! यो पोखरीमा चार हजार माछा हालिएको छ । यस्तो पोखरी ऊः माथि पनि छ । त्यता तल पनि छ । सबैतिर हेरेर हामीलाई आवश्यक ... बाँकी पृष्ठ ७ मा

कविता

## सम्भावना निश्चित छ

कुमार श्रेष्ठ

सम्भावना निश्चित छ, हिम्मत गरौँ
आऊ जुटौँ ए युवा शक्तिहरू जाग्ने बेला आएको छ
नयाँ पुस्ताले नै अब देश हाँक्ने बेला आएको छ
उठौँ श्रमिक, उत्पीडित वर्ग आफ्नो अधिकार खोजौँ
जुटौँ एकीकृत जनक्रान्तिमा, वैज्ञानिक समाजवाद
रोजौँ ।

मानिस बदलिनुभन्दा पहिले उसको सोचाइ
बदल्नुपर्छ
परिवर्तन नै चाहन्छौँ भने नयाँ खोज बदल्नुपर्छ
उल्टो बहेको छ हावा बेस्सरी त्यो पनि प्रदूषित बनेर
इतिहासको उल्टो गतिलाई सुल्टाउनुछ, सबै एक
भएर ।

गन्तव्यलाई टाढा नसोचौँ, यात्रा बीचैमा छोड्नु हुन्न
प्रतिगामीलाई ढलाउनैपर्छ, बाटो अन्तै मोड्नु हुन्न ।
असम्भव यहाँ के छ र आँट गरौँ लक्ष्यमा हामी
पुग्नेछौँ
नकमाउनू खुट्टा, नडराउनू दुस्मनको शिर अवश्य
झुक्नेछ ।

रोइरहेछ सहिदको सपना देशको हितमा अझै लडौँ
सराप्नेछ मातृभूमिले यसलाई बचाउन अघि बढौँ ।
परिवर्तनशील छ समय हिम्मत गरौँ साच्चै अघि
बढ्नु छ
नरोकियून कतै ती पाइलाहरू क्रान्तिको शिखर
चढ्नु छ ।

कोरोनाभन्दा पनि खतरा बन्दैछन् पुँजीवादी रोगहरू
दिन-प्रतिदिन भयावह बनाइरहेछन् ती सामन्तीले ।
नबसौँ चुप लागेर अब सबै जनता एकजुट होऔँ
नष्ट गरिदिनुपर्छ यसलाई एकीकृत जनक्रान्तिले ।

वैज्ञानिक समाजवाद स्थापना र भ्रष्टाचारको अन्त्य
गर्न
एकीकृत जनक्रान्तिसँगै सङ्घर्षको निरन्तर प्रहार
हुनेछ ।
हरेक टोल, गाउँ, बस्ती, सहरबाट एकसाथ जनता
उठेपछि
दलाल पुँजीवादी संसदीय व्यवस्थाको अवश्य हार
हुनेछ ।

सिन्धुपाल्चोक ।

## निदाएर देखिने ....

सुझाव दिनुहोला।

बझ्गुरको खोर देखाउँदै महासचिवले भन्नुभयो- हेडक्वार्टरले श्रम गरेर हुर्काएको यो खोरको बङ्गुरको मासु आज पत्रकारहरूलाई चखाएर पठाउने हो।

निर्माण सम्पन्न हुँदै गरेको महासचिव निवासको भुईंतलाको खाली जमिनको एकातिर जाली हालेर राखिएका हाँस र स्थानीय जातका कुखुराका चल्लाहरू चारो टिपिरहेका थिए।

महासचिवका लागि निर्माणाधीन निवासको तलामाथि उभिएर पूर्वीतिरको पोखरीतिर औंल्याउँदै कमरेड असलले भन्नुभयो- यो पोखरीको यतापट्टिको भागमा सेन्ट्री पोस्टसहित केही आकर्षक कटेजहरू बन्नेछन्। तपाईंहरू फेरि अवलोकनका लागि आउँदा ती कटेजमा बसेर हाम्रो श्रमको थप परख गर्नौला...।

के माछा तारेर ख्वाउने विचार छ र कमरेड हामीलाई ?- मैले अलि ठट्यौलो पाराले सोधेँ।

माछा, बङ्गुर, खसी, तरकारी जे पनि हुन सक्छ- कमरेड असलले उत्पादनहरू अझै बढ्नेतिर सङ्केत गर्नुभयो।

उत्पादनकार्य देशैभर भइरहेको र पार्टीका पूर्णकालीन कार्यकर्ताहरू पार्टीको उत्पादनबाटै टिक्ने अवस्था उत्पन्न हुन लागेको कार्यालय सचिव असलले बताउनुभयो। कमरेड विजय, असल, सन्तोषी, सुन्दर, सज्जीवलगायतको बलियो टिम महासचिव विप्लवको प्रत्यक्ष निर्देशन र नेतृत्वमा वैचारिक-राजनीतिक गतिविधिका साथै उत्पादन र निर्माणमा पनि व्यस्त छ। यो शिवराज नगरपालिका वडा नं. ९ हो। प्रतापपुर यहीँ नजिकै छ जहाँ जनसङ्ग्रहालय निर्माणाधीन छ र डीपीआर तयार हुँदैछ।

हुस्सुले कुन दिशा कता हो भन्ने ठम्याउन दिएको छैन तर आठ वर्षअघि वैद्य समूहसँग विद्रोहको भ्रूण तयार भएको अन्तरक्रियात्मक भेलास्थल शिवगढी जङ्गल यहीँबाट उत्तरतिर हो भन्ने अनुमान लगाएको छु मैले। एउटा शरीरले दुईपटक लगातार ठूल्ठूला अप्रेसन भेलेजस्तो प्रचण्ड र वैद्य समूहसँग लगातार विद्रोहको धावा बोलेको समय थियो त्यो। हामी जनक्रान्तिलाई हृदय र मस्तिष्क दुवैको केन्द्रमा राखेर उत्साहित बन्दै आएका थियौँ २०७१ सालमा शिवगढी जङ्गलमा। रातदिन बहस गरेर निकालिएको थियो क्रान्तिको नयाँ र विकसित मोडेल एकीकृत जनक्रान्तिको निष्कर्ष त्यही भेलाबाट। त्यसपछि पहिलोपटक आएको हुँ म शिवगढी। त्यतिबेला शिवगढी गाउँपालिका थियो यो ठाउँ, अहिले शिवराज नगरपालिकाको वडा नम्बर नौ भएको रहेछ।

स्वास्थ्यकेन्द्र ऊः त्यहाँ निर्माण हुँदैछ- महासचिवले बाक्लो हुस्सुतिर औंल्याउँदै इशारा गर्नुभयो- त्यो पनि हेरेर सुझाव दिनुहोला है ?

त्यहाँ पुग्न कति समय लाग्छ कमरेड ? मैले सोधेँ।

२-३ मिनेट लाग्छ होला बढीमा- कमरेड सुन्दरले भन्नुभयो।

खानापछि त्यो पनि हेरेर जानुहोला आएको समयमा- महासचिव कमरेडले भन्नुभयो। केही लेखिहाल्नुभयो भने नबढाईकन लेख्नुहोला है- उहाँले सावधान गराउँदै भन्नुभयो।

असोजमा आयोजित पार्टी प्रशिक्षणमा रिपोर्टिङका क्रममा मैले पार्टीको केन्द्रीय भेलामा पार्टीलाई आवश्यक कुराको प्रचारमा दखल राख्ने क्रान्तिकारी गोयबल्स क्याडरहरू चाहिएको कुरा उठाएको थिएँ। महासचिवले सायद त्यसैतर्फ सङ्केत गर्नुभएको हो कि भन्ने भान पऱ्यो मलाई। क्रान्तिकारी वैचारिक-राजनीतिक आन्दोलनको नेतृत्व गरिरहेको पार्टीको महासचिव कमरेड आफैँ श्रम, उत्पादन र निर्माणको पनि नेतृत्व गरिरहनुभएको छ। यो कुनै बढाइचढाइ गर्नुपर्ने विषय नै होइन कमरेड- मैले उहाँको आशङ्का चिर्दै भनेँ- श्रमिक जनताको नेताले श्रम गरेको विषय उसै स्थापित छ। तपाईंको यो सामान्य जीवनशैली र श्रमप्रतिको अतिमोह क्रान्तिकारी युवाहरूका लागि उसै सन्देशमूलक छ। ढुक्क हुनुहोला, यसमा केही पनि थपिनेछैन। यसमा केही थप्नै पर्दैन, बरु तपाईंको नेतृत्वमा जति सङ्घर्ष, श्रम र उत्पादन भएको छ, यसका बारेमा कुनै पनि चर्चा भएको छैन। यसलाई प्रचार गरेर जनतामा पुऱ्याउनु आवश्यक छ। दलालहरूलाई झापड दिनेछ यस विषयले। श्रमचोरहरूलाई यसले राम्रो पाठ सिकाउनेछ। दलाल पुँजीवादले यो पुस्तालाई श्रमप्रति अविश्वास र घृणा फैलाएको छ। यस किसिमका सन्देशले मानिसलाई श्रमप्रति अगाध आस्था र निष्ठा जगाउनेछ।

मनका कुरा निर्धक्क राख्दै मैले महासचिवकी जीवनसँगिनी कमरेड शोभाले बाँड्दै गरेको केराको कोसातिर हात लम्काएँ।

यी केराका कोसाहरू सबै केटाकेटीको मुखमा परून्- महासचिव कमरेडले पाकेको केराका कोसाहरू काटेर भाग लगाइदिँदा मैले उहाँमा पाको कमरेड माओको जनशैली अवतरण भएको देखेँ। यो कुनै बढाइचढाइ थिएन। महासचिवका वरिपरि थुप्रै केटाकेटीहरू झुम्मिएका थिए। केही पाका मानिसहरू पनि थिए। युवाहरूको त भीड नै थियो। केटाकेटीदेखि वृद्धवृद्धासम्म सबैलाई एकैसाथ उस्तै माया गर्न जान्ने अनि विचार र व्यवहारबीच तालमेल मिलाउन सक्ने कस्तो प्रतिभा होला महासचिवभित्र...म अलि ईर्ष्यालु बन्दै महासचिवका गतिविधि नियालिरहेको थिएँ।

'कति मसिना कुरामा पनि उत्तिकै ध्यान दिन भ्याउनुभएको होला, हगि महासचिव कमरेडले ?', मुक्तिले मलाई यसो कोट्याएर खुसुक्क भन्न भ्याइहाल्नुभयो। म जुन कुरा मनमा खेलाइरहेको थिएँ, मुक्तिलाई पनि त्यही कुराले प्रभाव पारेको रहेछ ! जनशैली एक अद्भुत कला पनि हो भन्ने मलाई लाग्यो। त्यसमा कुनै बनावटीपन थिएन। हृदयदेखिकै कुरा थियो। झीरमा मासुका ससाना टुक्राहरू ओर्कार्फकाई पोलेर दामासाही भाग लगाउनुभयो महासचिवले। आफूले एउटा सानो टुक्रा मात्र लिनुभयो र सबै नेता-कार्यकर्ता, बालबालिका र आगन्तुकहरूलाई पनि थपीथपी पुऱ्याउनुभयो।

'आठ वर्षपछि भेट भयो नि ?', महासचिव कमरेडकी जीवनसँगिनी शोभाले २०७१ सालमा बुद्धनगरको कोठामा खाना खाएको घटनातिर फर्काउनुभयो समयलाई। यसबीचमा नदी र खोलाहरूमा कयौँ योद्धाहरूको रगत बगिसकेको छ। अलि पाको उमेरकी देखिइरहनुभएको थियो कमरेड शोभा तर व्यवहार उस्तै नम्र थियो र झन् बढी जिम्मेवारीबोधले होला आँखा र गालाका बीचमा चाउरीका अलि बढी धर्साहरू देखिएका थिए। समय त फुत्तै कट्यो- नातिनीलाई लालसलाम गर्न लगाउँदै हुनुहुन्थ्यो उहाँ। यस्तै लालसलाम एकछिन अघि महासचिवले पनि फर्काउन सिकाउनुभएको थियो नातिनीलाई। वर्षदिनजतिकी नातिनी हातमा हँसिया बोकेर साथीभाइहरूलाई लखेटिरहेकी थिइन्।

उहाँले पकाएको खाना यसैगरी खएका थियौँ हामीले सँगै बसेर। महासचिवले उहाँ, आफू र मलाई पालैपालो खाना पस्किनुभएको थियो बुद्धनगरमा। आज पनि त्यसै गर्नुभयो। त्यतिबेला एचक्यूमा अलि थोरै मानिस थिए, अहिले अलि बढी छन्। तर मुख्य मानिसको स्वभाव, क्रियाकलाप र विश्वासमा कतै परिवर्तन देखिँदैन।

नेताहरू धेरै हुन्छन् तर स्रष्टा र नेता व्यक्तित्व एउटैमा फेलापार्न कि लेनिनलाई कि त माओलाई हेर्नुपर्छ। कहिले बालकजस्तो, कहिले वयस्कजस्तो, कहिले वृद्धजस्तो, जसले जताबाट हेऱ्यो उस्तै व्यक्तित्व सबैको हुँदैन। स्रष्टासहितको परिपक्व नेतृत्वहरूमा मात्र त्यस्तो विलक्षण प्रतिभा हुन्छ।

विशाल याङ्त्से नदीको भेलमा पौडी खेल्ने माओ र विप्लवलाई तुलना गर्ने प्रयास गरेँ मैले। यो अतिशयोक्ति थिएन। यत्तिको भेल त अब सजिलै तर्न सकिन्छ- भेलमा पौडी खेलिसकेपछि कमरेड माओले सहयोद्धाहरूलाई भन्नुभएको थियो। त्यो चीनमा क्रान्ति जारी रहेकै सन्दर्भको कुरा थियो। क्रान्ति सम्भव छैन भन्दै दलाल पुँजीवादको पाउमा लम्पसार परेका प्रचण्ड-बाबुरामहरूबाट विद्रोह गर्दै र क्रान्ति हुने भए लेनिन र माओले भने र गरेजस्तै प्रक्रियाबाट हुन्छ, नत्र हुँदैन भन्दै अकर्मण्यतामा फसेका वैद्यहरूलाई चुनौती दिँदै क्रान्तिको कार्यदिशा विकास गरेका विप्लवमा माओको त्यही शैली र व्यवहार देख्छु म।

'निर्माणाधीन पार्टी केन्द्रीय सम्पर्क कार्यालयको अवलोकन गर्न भ्याउनुभयो कि भएन ?', महासचिवले सोध्नुभयो, 'रातो खबरको केन्द्रीय कार्यालय पनि त्यहीँ हुनेछ...।' महासचिवको पछिल्लो वाक्क सुनेपछि म अवाक् भएँ !

## जनसेवामा ....

भन्छन्, 'हामीले थुप्रै नेतालाई जिताएर पठायौँ। माननीय बनायौँ तर भोलिपल्टदेखि फर्केर आएनन्।'

सयौँपटक सम्बन्धित निकायलाई गुहार्दा पनि काम नभएको तर यो काम देखेपछि जनताको काम गर्ने पार्टी पनि रहेछ भन्ने अनुभूति भएको स्थानीय बासिन्दाले बताए। उक्त निर्माणकार्यमा नेकपाका जिल्ला सेक्रेटरीसहित २५ जना नेता-कार्यकर्ता प्रत्यक्ष खटिएका छन्।

जिल्ला सेक्रेटरी लक्ष्मण पौड्याल आफूहरू अभियानका क्रममा आउँदा खोलामा आवतजावतमा समस्या भोग्नुपरेको र दिनहुँ आवतजावत गर्ने जनतालाई सहज बनाउन सडक निर्माण गरिएको बताउँछन्।

पौड्यालले स्थानीय सरकार भनाउनेहरूसँग पर्याप्त स्रोतसाधन भएर पनि योजना नभएकाले जनताले दुःख पाइरहेको बताए।

आफूहरू सहयोगीसमक्ष पैसा नभई आवश्यक सामग्री र स्काभेटर, टिफर, ह्युमपाइपलगायत साधन र स्रोत जुटाएर काम थालेको स्मरण गराउँदै उनले उक्त सहयोगप्रति वडाबासीका तर्फबाट धन्यवाद पनि दिए। पार्टीको अभियान जारी रहने उनले बताए।

पार्टी जिल्ला कार्यालय सचिव दुर्गा तामाङले जनताको पार्टी भएकाले नेकपाले जनताका दुःखसुखमा साथ दिने बताए।

## भ्रष्टाचारी वडाध्यक्ष ....

बाघका रूपमा निरन्तर सङ्घर्षरत रहेको सबैमा जानकारी नै छ। बभाङ चिरबिथङ गाउँपालिका वडा नम्बर ८ का वडाध्यक्ष जयबहादुर मल्ल र वडा सचिव दत्तराम अवस्थीले वडाबासीको विकास निर्माणमा आएको बजेटलाई सचिव र वडाध्यक्ष मिली व्यापक भ्रष्टाचार गरेको रिपोर्ट हाम्रो सङ्गठनलाई वडाबासीले गरेको र वडाबासीको रिपोर्ट अध्ययन गर्दा निज दुवैजना भ्रष्ट रहेको ठहरिएकाले दुवैजनालाई सङ्गठनले तपसिलबमोजिम कारणसहित कारबाही गरेको छ।'

सङ्गठनले दुवैजनालाई जनकारबाही गर्नुका कारणहरू उल्लेख गर्दै १ करोड ५० लाखको खानेपानी योजना, धारा निर्माण, पानी सञ्चालन नगर्दै काम गर्ने मजदुरलाई ज्याला नदिई कमिसन खाएर बजेट पास गरेको, सडक बनाउँदा कमिसन दिने मान्छेलाई मात्र उपभोक्ता समितिको अध्यक्ष बनाएको, सडक बनाउँदा अनावश्यक दुई ठाउँबाट कटिङ गरी १० लाख हिनामिना गरेको, वडामा व्यवस्थापनका नाममा बर्सेनि ३ लाख ५० हजार हिनामिना गरेको जनाएको छ।

त्यसैगरी मृत्यु भएका नागरिकको मृत्यु दर्ता नगरी चार वर्षको लाखौँ पैसा कागज मिलाएर वडा सचिव र वडाध्यक्षले हिनामिना गरेको, वडा कार्यालयको सवारीसाधनमा नम्बर प्लेट बदली व्यापारीको जाँडरक्सी ढुवानी गर्ने गरेको, सेवाग्राहीले सूचना हकअन्तर्गत रहेर सूचना माग्दा सूचना नदिने, गुनासो गर्दा सेवाग्राहीलाई धम्की दिने गरेको, नेकपाले जारी राखेको न्यायपूर्ण आन्दोलनमाथि जथाभावी अनर्गल दुष्प्रचार गर्दै आफ्नो पदीय मर्यादासमेत ख्याल नगरी पार्टीविरुद्ध सुराकी गरेको, पर्यटकीय स्थलका नाममा आफ्ना पितरका मन्दिर मात्र बनाएको र काम गर्ने मजदुर पनि आफ्ना घरका मात्र लगाएको अभियोगपत्रमा उल्लेख छ।

## अवैध उत्खनन् ....

गिट्टी, बालुवाको अवैध उत्खनन तथा बिक्रीवितरण भएकाले निरन्तर अनुगमन भइरहेको र नियमविपरीत काम गर्ने जोकोही पनि कारबाहीमा पर्ने खड्काले बताए। नेकपाका जिल्ला सेक्रेटरी खेम घर्तीले नदीनाला सबैको साझा सम्पत्ति भएकाले अवैध कारोबार गरेर जनता ठग्ने जोकोहीलाई पनि कानुनी दायरामा ल्याएर कारबाही गरिने बताए।

घर्तीले निर्माण व्यवसायीलाई मापदण्डअनुसार काम गर्न आह्वान पनि गरेका छन्। नेकपाले केही दिनपहिले सनपा ११ डिभनामा अवैध रूपमा सञ्चालन गरिएको क्रसर उद्योगमा पार्टीको झन्डा गाडेको थियो।

## सरकारी न्याय ....

आफूले पुनर्जीवन पाएको महसुस गरेको बताए।

मिटरब्याजी, जग्गासम्बन्धी विवाद, आर्थिक लेनदेन, ठगी, जालसाजी, मेनपावरका नाममा ठगी गर्नेलगायत सयौँ मुद्दा पार्टीमा आउने गरेको नेकपा दाङले जनाएको छ।

मुद्दाको प्रकृतिअनुसार छानबिन, छलफल गरी मुद्दा मिलाई पीडितलाई न्याय दिने गरेको नेकपा दाङका एक नेताले बताए। पार्टीले गरेको निर्णयबाट दुवै पक्ष सन्तुष्ट हुने गरेको उनको भनाइ थियो।

पुरानो सत्तामा न्याय महँगो भएको, निष्पक्ष स्वतन्त्र रूपले फैसला नहुने तथा विभिन्न आर्थिक प्रलोभनमा पारी सत्ता र शक्तिको पहुँचमा न्याय सम्पादित हुने भएकाले पीडितहरू आफ्नो पार्टीमा न्यायको आशासहित आउने गरेको नेकपा दाङले जनाएको छ।

पीडित पक्षले मुद्दाको निवेदन दिँदैमा ऊ पीडित हुन्छ भन्ने हुँदैन, बरु मुद्दाको वास्तविक यथार्थ गहिराइमा पुगेर आफूहरूले निर्णय गर्ने गरेको ती नेताले बताए।

## नेपाल भ्रष्टाचार ....

यस सूचीमा नेपाललाई सन् २००४ देखि समावेश गरिएको हो। 'विगत १ वर्ष (सन् २०२०/२१) मा विश्व बैङ्क, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्समयान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भीडीईएमसमेत ६ वटा संस्थाद्वारा गरिएको सर्वेक्षणका आधारमा सीपीआई २०२१ मा नेपाललाई १०० मा ३३ अङ्क (११७ औँ स्थान) दिइएको छ। यो प्रतिवेदनले नेपाल भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमै रहेको निष्कर्ष निकालेको छ।

कुन मुलुकमा कत्तिको सुशासन छ भनी आँकलन गर्न ट्रान्सपरेन्सी इन्टरनेसनलको सीपीआईको सूचकलाई आधार मान्ने चलन छ। विभिन्न मुलुकका आम नागरिकसँग प्रश्न गरेर उनीहरूले आफ्नो मुलुकभित्र कत्तिको भ्रष्टाचार छ भनी अनुभूत गर्छन् भन्नेबारेमा सर्वेक्षण गरी यो सूचक सार्वजनिक गर्ने गरिएको छ। यो प्रतिवेदनले मुलुकहरूको भ्रष्टाचारको अवस्था सार्वजनिक गरे पनि कसले कति भ्रष्टाचार गऱ्यो, कहाँकहाँ कति भ्रष्टाचार भएको छ भन्ने विषय भने सूचित छैन।

दक्षिणएसियाली मुलुकहरूको तुलना गर्दा पनि नेपालको अवस्था सुधारोन्मुख देखिँदैन। भुटानले ६८ अङ्क पाएको छ भने भारत र माल्दिभ्स ४०, श्रीलङ्का ३७ अङ्कका साथ नेपालभन्दा अगाडि छन्। पाकिस्तानले २८, बङ्गलादेशले २६ अङ्क पाएका छन्। अफगानिस्तान भने १६ अङ्कका साथ सबैभन्दा भ्रष्टाचार हुने मुलुकहरूको चौथो सूचीमा देखिएको छ।

नेपालमा भ्रष्टाचारको अवस्था सुधार नहुनुमा सार्वजनिक क्षेत्रमा भएको अनियमितता र अधिकारको दुरुपयोगलाई ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले प्रमुख कारण मानेको छ। व्यापार व्यवसायमा व्याप्त घूसखोरी, कारबाहीमा उदासीनता, सूचनामा नागरिकको पहुँच नभएकाले पनि अनियमितता मौलाएको टीआई नेपालको विज्ञप्तिमा उल्लेख छ। उसले राजनीतिक क्षेत्रमा भ्रष्टाचार नियन्त्रण नहुनुलाई प्रमुख समस्या मानेको छ।

प्रतिवेदनमा भनिएको छ, 'नेपालका लागि समाविष्ट विभिन्न ६ संस्थाका सर्वेक्षणले सार्वजनिक क्षेत्रमा भ्रष्टाचार र अधिकारको दुरुपयोग कायम रहनु, व्यापारव्यवसायमा घूसखोरी रहनु, कारबाहीमा कमी हुनु, सूचनामा नागरिकको पहुँचमा कमी हुनु, राजनीतिक भ्रष्टाचार नियन्त्रण नहुनुजस्ता सन्देश दिएको छ।'

राज्यका शक्तिशाली निकायका रूपमा रहेका स्थानीय निकायमा अर्बौं बेरुजु रहेको महालेखाकै प्रतिवेदनमा उल्लेख रहेको र नेकपाले बेरुजुका विरुद्ध देशव्यापी आन्दोलन सञ्चालन गरिरहेको सन्दर्भमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि नेपाल भ्रष्टाचार व्याप्त मुलुकको अग्रस्थानमा रहनु नेपालीका लागि सुखद विषय होइन।

केही महिनाअघि अख्तियारले जारी गरेको एक प्रतिवेदनले सरकारी निकायमा सबैभन्दा बढी भ्रष्टाचारमा संलग्न हुनेमा उपसचिव र शाखाअधिकृत स्तरका कर्मचारी रहेको देखाएको थियो। आयोगको आर्थिक वर्ष २०७७-०७८ को वार्षिक प्रतिवेदनको तथ्याङ्कगत विश्लेषण गर्दा सबैभन्दा बढी भ्रष्टाचार शाखा अधिकृत र उपसचिव स्तरका कर्मचारीबाट भएको पाइएको हो।

अख्तियारले आफ्नो प्रतिवेदनमा भ्रष्टाचारका रूप, रङ र प्रवृत्तिको चिरफार गर्दै अहिले पनि विभिन्न सरकारी कार्यालयमा सेवाप्रवाहका क्रममा घूसको लेनदेन हुने क्रम व्यापक रहेको औंल्याएको थियो। सरकारी आम्दानी, खर्च, सार्वजनिक सम्पत्ति, सार्वजनिक खरिद, निर्माण र सार्वजनिक सेवा प्रवाहका विविध क्षेत्रमा अनेक रूप, रङ र शैलीमा भ्रष्टाचारजन्य कार्य भइरहेको ठहर अख्तियारको थियो। अख्तियारको उक्त प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/७८ मा विभिन्न भ्रष्टाचार आरोपमा मुद्दा दायर गरिएका ४ सय ४३ प्रतिवादीमध्ये उपसचिव र शाखा अधिकृत मात्रै १ सय ६५ जना छन् जसमा उपसचिव १ सय ८ र शाखा अधिकृत ५६ जना छन्। यो विश्लेषणले भ्रष्टाचारमा संलग्न हुनेमा सरकारका विभिन्न निकायमा कार्यरत उपसचिव अग्रपङ्क्तिमा देखिएका छन्। राजनीतिक पार्टीका नेता र मन्त्रीहरूले गरेको भ्रष्टाचार र नीतिगत भ्रष्टाचारमा भने अख्तियारले अहिलेसम्म हात हाल्न सकेको छैन।

महँगी र बेरोजगारीले जनतालाई आहत बनाइरहेको छ। पेट्रोलियम पदार्थमा दैनिक र साताैपिच्छे गरिएको मूल्यवृद्धिले सर्वसाधारणको ढाड उठ्नै नसक्ने गरी थिचिएको समयमा नेपाल सर्वाधिक भ्रष्टहरूको मुलुकका रूपमा दर्ता हुनु अत्यन्त दुःखद, निन्दनीय र आक्रोशपूर्ण अवस्था हो।

## कोरोनाको सारथी ....

व्यस्थापन मिलाएर पहुँच र प्रभावका आधारमा होइन, बिरामीको गम्भीर्यका आधारमा बेड उलब्ध गराउन सकिन्छ। हजारौँ स्वयम्सेवकलाई आधारभूत तालिम दिएर महामारी नियन्त्रण, उपचार र रोकथामका लागि राज्यले परिचालन गर्नसक्छ। लाखौँ नागरिकलाई सहभागी बनाएर राष्ट्रिय उत्पादन अभियान सुरु गर्न सकिन्छ।

तब केही सीमित माफियाको विरोध हुँदाहुँदै पनि नेपाल शिक्षा, स्वास्थ्य, रोजगारी र उत्पादनका क्षेत्रमा नयाँ युगमा प्रवेश गर्न सक्छ। अस्पताल, बेड, औषधी, अक्सिजन र खानाको अभावमा नागरिकले जीवन गुमाउनुपर्ने स्थिति हुँदैन। मेडिकल माफियाको रजगज समाप्त हुन्छ। स्वास्थ्य राज्यको दायित्वमा आउँदा बेसहारा नागरिकले सजिलै उपचार पाउन सक्छन्। पैसावालाहरूले पनि बेतुक लाखौँ पैसा मेडिकल माफियाहरूलाई बुझाउनु पर्दैन। राज्यलाई यथोचित शुल्क बुझाएर चाहनाअनुसारको सेवा लिन सक्छन् तर रमिते व्यवस्था र लाचार सरकारबाट यस्तो जनअपेक्षा पूरा हुने कुरै भएन।

निश्चित रूपमा विभिन्न महामारीविद् र समाजशास्त्रीहरूले भनेजस्तै स्वास्थ्य क्षेत्रमा अहिले देखिएको खराब अवस्था समग्र प्रणालीकै वास्तविक तस्बिर हो। मानिसहरू भरोसायोग्य विकल्पको व्यग्र प्रतीक्षामा छन्। सबैभन्दा उत्तम विकल्प वैज्ञानिक समाजवाद हो भन्ने तथ्यलाई खण्डन गर्ने तर्क पुँजीवादसँग बाँकी छैन। पुँजीवादले गरिरहेको पर्यावरण दोहन र आर्थिक विभेदीकरणले मानव जाति कोरोनाजन्य भुमरीमा फसेको हो भन्ने कुरा मानिसहरूले बुझ्दै गएका छन्। मानवीय सङ्घर्षले विकसित गरेको रोग प्रतिरोधी क्षमता र चिकित्सा विज्ञानले महामारीबाट मुक्त गराउँदै आएको विरासत मौज्दात भए पनि विभेदकारी व्यवस्था यथावत् रहँदासम्म यस्ता समस्याको पुनरागमन भई नै रहन्छ। दलाल पुँजीवादले लपेटिएको नेपालको राज्यप्रणाली र विकास मोडेलले त झन् देशलाई यस्ता सङ्कटबाट पार लगाउन सक्ने कुरै भएन। खोप र मेडिकल सामग्रीमा पनि कमिसन हत्याउन मारामार गर्ने द्रव्यपिचासी कन्जुसहरूको गठजोडमा दलाल पुँजीवाद, बरु विभिन्न 'भेरियन्टमा' विस्तार भइरहेको छ। चुनावदेखि चुनावसम्मको देशदोहन गर्ने यात्रामा लामबद्ध संसद्वादीहरू समाजवादको नक्कली गीतमा आफ्नो जीवन खोज्दैछन्।

थोत्रिएर पनि जीर्ण भइसकेको रद्दी 'संसदीय भेन्टिलेटर' देश र जनताको शरीरमा झुन्डिँदासम्म नेपालीजनले सङ्कट पर्दा प्राणवायु 'अक्सिजन' होइन, उल्टो विकार संसदीय कार्बनडाइअक्साइडको विषाक्त भारी बोकिरहनु पर्नेछ। समाजवादको जलप लगाएर बाँच्न खोज्ने यस्तो विनासकारी व्यवस्थालाई वैज्ञानिक समाजवादले प्रतिस्थापन नगरी सुखै छैन।

## दलाल पुँजीवादी ....

माओवादी केन्द्रका नेता वलीबीच वलीको निजी निवासमा भेटघाट भएको हो। भेटघाटमा सबै क्रान्तिकारी कम्युनिस्टहरूबीच एकता हुनुपर्नेलगायत पछिल्लो समसामयिक राजनीतिक परिस्थितिका बारेमा छलफल भएको थियो।

भेटघाटमा नेपाल कम्युनिस्ट पार्टी दाङ जिल्ला कार्यालय सदस्य एवम् तुलसीपुर उपमहानगरका इन्चार्ज विकास वली पनि सहभागी थिए।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय
**उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
वीरेन्द्रनगर, सुर्खेत

**सूचना ! सूचना !! सूचना !!!**

आ.व. ०७५/०७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरेका प्राइभेट फर्महरुले २०७८ साल पुस मसान्त भित्र विवरण सहित जरिवाना तथा शुल्कको ५ (पाँच) प्रतिशत रकम राजश्व वापत बुझाएमा बाँकी जरिवाना र शुल्क मिनाहा गर्नेगरी कर्णाली प्रदेश सरकारको मिति २०७८/०७/०७ को मन्त्रीपरिषदबाट निर्णय भै आएको हुँदा समयमै नवीकरण गराउनुहुन सम्बन्धित उद्यमी व्यवसायीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निर्देशक**

# अमेरिका र जापानलाई चीनको शक्तिशाली जबाफ

**काठमाडौं।**

अमेरिका र जापानले फिलिपिने सुमद्रमा गरेको जलसेनाको संयुक्त अभ्यासलाई जबाफ दिँदै चीनले भोलिपल्टै त्यहाँ दर्जनौँ लडाकु विमान पठाएको छ । प्राप्त समाचारअनुसार चीनले ताइवानको हवाई सुरक्षा पहिचान क्षेत्र (एडीआईजी) मा ३९ वटा लडाकु विमान पठाएको दाबी ताइवानका रक्षामन्त्रीले गरेका छन् ।

चीनले २४ वटा जे १६ फाइटर जेट, १० वटा जे १० फाइटर जेट, वाई ९ विमान, दुई वाई ८ विमान र एउटा एच ६ बम्बर रहेको ताइवानको रक्षा मन्त्रालयको दाबी छ।

गत वर्षको अक्टोबरमा पनि चिनियाँ जहाजहरू आफ्नो हवाई सुरक्षा क्षेत्रमा प्रवेश गरेको आरोप उक्त मन्त्रालयले लगाएको छ । यसमघि गत वर्षको अक्टोबर ४ मा चीनले ५६ वटा लडाकु विमान त्यस क्षेत्रमा पठाएको थियो । ताइवानलाई चीनबाट बिच्क्याउन र चीनलाई उत्तेजित पार्न अमेरिका र जापानले बेलाबेला यस्तो हर्कत गर्ने गरेका छन् । चीनले पनि बेलैमा त्यसको प्रतिरोध गर्ने गरेको छ । चीन विश्व महाशक्ति राष्ट्र बन्ने क्रममा छ । चीनविरोधीहरू उसलाई अनेक तरहबाट रोक्न चाहन्छन् ।

अमेरिका र जापानको शक्ति प्रदर्शनमा दुई अमेरिकी एयरक्राफ्ट क्यारियर, दुई एसल्ट जहाज, जापानका पाँच हेलिकोप्टर डिस्ट्रोयरलगायत सहभागी रहेको बताइएको छ ।

फिलिपने समुद्र ताइवानको पूर्वमा रहेको प्रशान्त महासागरको हिस्सा हो । यो अमेरिका नियन्त्रित गुआम र उत्तरी मरियाना टापुका बीचमा अवस्थित छ ।

**एजेन्सीहरूको सहयोगमा ।**


## कोरोना भाइरसबाट बच्ने उपायहरु




प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य सेवा निर्देशनालय**
कर्णाली प्रदेश, सुर्खेत



## कोरोना भाइरस (COVID-19) बाट
## आफू पनि बचौं, अरूलाई पनि बचाऔं

**लक्षणहरू**




**बच्ने उपायहरू**

- नियमित रुपमा साबुन पानीले हात धुने ।
- घर तथा बाहिर जाँदा नियमित मास्कको प्रयोग गर्ने ।
- खोक्दा र हाछ्यू गर्दा नाक र मुख छोप्ने ।
- यदि फ्लू जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरेलु पशुपन्छीहरुसँग असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, अण्डा राम्रोसँग पाकेको मात्र खाने ।

**सान्नी त्रिवेणी गाउँपालिका**
मेहलमुडी, कालीकोट, कर्णाली प्रदेश



## कोरोना भाइरसबाट बच्ने उपायहरु




**गोकर्णेश्वर नगरपालिकाको कार्यालय**
बागमती प्रदेश, जोरपाटी, काठमाडौं



## कोरोना भाइरस (COVID-19) बाट
## आफू पनि बचौं, अरूलाई पनि बचाऔं

**लक्षणहरू**




**बच्ने उपायहरू**

- नियमित रुपमा साबुन पानीले हात धुने ।
- घर तथा बाहिर जाँदा नियमित मास्कको प्रयोग गर्ने ।
- खोक्दा र हाछ्यू गर्दा नाक र मुख छोप्ने ।
- यदि फ्लू जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरेलु पशुपन्छीहरुसँग असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, अण्डा राम्रोसँग पाकेको मात्र खाने ।

**हरिवन नगरपालिका**
सर्लाही, मधेस प्रदेश



## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं